वर्ष : १४ | अंक : १२
२०८२ असार | 2025 June.-July.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



'सांगीतिक यात्राकै विशिष्ट अवसर'




# भिजिट भिसा सेटिङ टार्दै सरकार

मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन दिनार ०.५/-, युएस 8 $/-


GET YOUR
eVISA
Your MALAYSIA
थप जानकारीका लागि
QR SCAN गर्नुहोस्
TRAVEL
THE WORLD
BEST AIRFIRE AND WIDE
VARIETY OF CHOICES
Hello
Travels Pvt. Ltd.
say Hello ! to your destination
Metropark Building, 3rd Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
Ph : +977-01-4519871m +977-01-4521867, +977-01-4005210
Emaol : nepal.osc@gmail.com, evisa@hellotravels.com.np
HARVEST MOON
HARVEST MOON
Travel & Tours Pvt. Ltd.
Harvest Moon Building, Gairidhara, Kathmandu, Nepal
Ph : +977-1-4415562, 4004650, 4415574, 4415526, 4415517
E-mail: info@harvestmoongroup.com, Web: www.harvestmoongroup.com

HARDIK

IVF and Fertility Center

Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरूसंग
निःशुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं




रकम पठाउन तथा पाउनका
लगि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

Prabhu Money Transfer®
प्रभुको इच्छा

# यसभित्र




आवरण

## भिजिट भिसा सेटिङ टार्दै सरकार

त्रिभुवन विमानस्थलको अध्यागमनमा छापा हानेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'सेटिङ'मा मानव तस्करी हुने गरेको घटनाको छानविन गरिरहेको छ। यही विषयलाई लिएर सदनमा प्रतिपक्षीहरूले गृहमन्त्रीको राजिनामासहित निष्पक्ष छानविनको माग गरिरहेका छन्। भिजिट भिसाका नाममा करोडौंको अवैध असुलीको र्‍याकेट चलिरहेको र गृहमन्त्रीकै सचिवालयको प्रत्यक्ष संलग्नता रहेको आरोप लागिरहँदा पनि सरकारले यसलाई गम्भिरतापूर्वक नलिदा यो प्रकरण यत्तिकै सेलाउने होकी भन्ने आशंका पैदा हुन थालेको छ।

८





१२ विदेशबाट फर्किएर उद्यमी बनेकाले पाए 'उद्यमी राष्ट्रिय पुरस्कार'





१३ यूएई जाने नेपाली श्रमिकको न्यूनतम तलब १ हजार दिराम





२३ आइएमईले मनायो २५औं वार्षिकोत्सव

२८ चौतारी

नयाँ **सन्तान**

युवराज नयाँघरे







३० अनुभूति

तेह्रदिने **तपस्यापछि**

शम्भु सुस्केरा





'पढेको भए जागिर खान्थें'

१७ जनजीवन

● बिन्दु अधिकारी ढकाल

३२ मनोरञ्जन

'मेरो सांगीतिक यात्राकै **एउटा विशिष्ट अवसर**'

गीता पाण्डे, गायिका




# सम्पादकीय

## सरकारी कार्यक्रम तथा बजेट कार्यान्वयनमै शंका

*सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम र बजेट ल्याइसकेको छ। सरकारले आगामी आर्थिक बर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत गरिसकेको छ। देशका ठूला दलहरू मिलेर बनेको सरकारले ल्याएको कार्यक्रम तथा बजेट केही आशा लाग्दो् भएता पनि यसको कार्यान्वयन पक्षलाई लिएर भने आम जनमानसमा शंका नै छ।*

*सरकारले ल्याउने नीति तथा कार्यक्रम आकर्षक र समयसापेक्ष लागेता पनि पूर्णरुपमा कार्यान्वयन नहुँने पुरानै रोगले आम नागरिकमा भने यसप्रति कुनै उत्साह देखिँदैन। सरकारी बजेटहरू समयमा खर्च नहुने र खर्च भएकाहरू पनि प्रभावकारी नहुने गरेका छन्। अर्कोतर्फ सरकारमा रहेका तथा पहुँचवालाले आफ्नो क्षेत्र वा स्वार्थका लागि बजेट ल्याउने गर्दा धेरैमा नैराश्यता पनि छाएको छ।*

*अर्कोतिर सरकारले निरन्तरको प्रयासबाट अर्थव्यवस्था सकारात्मक लयतर्फ उन्मुख भएको र आर्थिक परिसूचककहरू सुधारोन्मुख देखिएको औल्याएता पनि नेपालको अर्थतन्त्र, संरचनागत चुनौती र विगतका कमजोरीहरूको अवसरबाट अझै मुक्त हुन सकेको छैन। तथापी चुनौतीहरूको सामना गर्दै अर्थतन्त्रलाई गतिशिल बनाउने, निर्धारित समय अगावै सम्पत्ति शुद्धीकरणसम्वन्धी जोखिमको निगरानी सूचिबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक छ। यसका लागि निजी क्षेत्रको मनोबल बढाउन र लगानीको वातावरण सिर्जना गर्न सरकार जुट्नु पर्छ।*

*सरकारका प्राथमिकतामा उद्यमशीलता, रोजगारी, उत्पादन र उत्पादकत्वको अभिवृद्धि, प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता,.नागरिकमैत्री सेवा र भ्रष्टाचार नियन्त्रण शासकीय सुधारजस्ता विषय उल्लेख छन्। नारामा सबै आकर्षक र समयसापेक्ष नै लाग्छ। तर, नारा केवल नारामा नै सीमित नहोस्। झण्डै दुईतिहाई बहुमत रहेको अहिलेको सरकारले सबै कार्यक्रम तथा बजेट कार्यान्वयन गरेर देशको विकासमा लाग्न जरुरी छ।*

*सरकारले हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा रोजगारी सिर्जना उच्च प्राथमिकतामा राख्ने गरेकोमा यसपटक यस विषयलाई फरक ढंगले सम्वोधन गर्नु सकारात्मकरुपमा लिन सकिन्छ। रोजगारीका नाममा स–साना योजनामा बजेट खर्चिनु भन्दा पनि बेरोजगारीको दीर्घकालिन समाधान गर्नेगरी स्वरोजगार र उद्यमशिलता बढाउने तथा लगानी प्रवर्द्धन गरी आर्थिक समृद्धिसँगै आकर्षक रोजगारी सिर्जना गर्ने बाटोमा सरकार अगाडि बढ्नु राम्रो पक्ष हो।*

*काम खोज्ने होइन, काम दिने युवाको संख्या वृद्धि गर्न नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता प्रवर्द्धन र यसका लागि सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र सहुलियतपूर्ण कर्जा कार्यक्रम ल्याएर सरकारले केही आशा तथा अपेक्षा बढाएको छ। देशमा केही गर्न चाहनेहरूका लागि सरकारले साथ दिनैपर्छ। यसका लागि अहिलेको सरकारले सकारात्मक संकेत दिन्छ वा पुरानै ढर्रामा हिडछ, त्यो भने हेर्न बाँकी छ।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १४ • अंक १२ • २०८२ असार

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४, ९८४०९८५८०१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com




# पाठक पत्र




## योजना कार्यान्वयन हुनुपर्‍यो

हरेक वर्ष नीति तथा कार्यक्रम र बजेट ल्याउँदा होस् या त चुनावको समयमा राजनैतिक दलहरूले घोषणापत्र सार्वजनिक गर्दा होस् रोजगारी र उद्यमशिलताले उच्च स्थान पाउने गरेको छ। तर घोषित कार्यक्रम र योजना कार्यान्वयनमा ल्याउन नसक्दा अहिले पनि युवाहरू देशमा अडिन सकेका छैनन्। यसको प्रमुख कारण भनेको रोजगारी र उद्यमशिलताका लागि ल्याइने कार्यक्रमहरू लक्षित वर्गमा पुग्न नसक्नु नै हो। यसर्थ सपना बाँड्ने भन्दा कार्यान्वयनमा आउन सक्ने योजना मात्र ल्याउने हो भनेपनि केही हदसम्म भएपनि रोजगारी र उद्यमशिलता बढाउने कामले गति लिने थियो कि!

*- राजिव बडाल, काठमाडौं*

सरकारले रोजगारी बढाउने भनिरहदा भएकै काम छाडेर विदेशिनेहरू दिनानुदिन बढिरहेका छन। खाचो रोजगारीको मात्र नभएर समयानुकुल पारिश्रामिक पनि हो। यसैले कागजमा योजना ल्याउनु भन्दा पनि भए रहेका रोजगारीका अवसरमा कसरी बढी सेवा सुविधा दिलाउन सकिन्छ त्यता सोच्नु चाहिँ आवश्यक छ जस्तो लाग्छ।

*- सुमित्रा खडका, बुटवल*

## धेरै छन् सिजनल व्यापारले **जीवन धान्नेहरू**



सबै मानिसले सटर राखेर तथा ठुलो लगानी गरेर व्यापार व्यवसाय गर्न सक्दैनन। तर त्यसो भन्दैमा चुप लागेर पनि त बस्न भएन नी! विन्दु अधिकारी ढकालले लेख्नुभएको पूर्णबहादुरको जिवन संघर्ष जस्तै काम पर्दा घर गएर खेती किसानी गर्ने अनि बाकी रहेको समयमा सिजनल व्यापार गरेर रमाउनेहरू धेरै छन। घर व्यवहार धान्न शहरका गल्लि गल्लि चहार्नु उनीहरूको रहर नभएर बाध्यता हो। परिवार पाल्न केही न केही त गर्नै पर्‍यो नि!

*- सुशीला कार्की, ओमान*

## सिण्डिकेटको प्रयास किन भइरहन्छ ?




मलेसिया कामदार पठाउन सीमित व्यवसायीलाई मात्र अनुमति दिनेगरी सिण्डिकेटको प्रयास भएको समाचार पछिल्लो समय सार्वजनिक भैरहेको छ। कहिले कतार रोजगारीको नाममा, कहिले स्वास्थ्य परिक्षणको नाममा त कहिले के को नाममा वैदेशिक रोजगारको क्षेत्रमा सिण्डिकेट प्रयास भैरहेको छ। सरकारले लाइसेन्स दिएपछि सबैलाई स्वतन्त्र ढंगमा काम गर्ने वातावरण बनाउने र यस्त प्रयास गर्नेहरूलाई कारवाही गर्नुपर्ने होइन र ?

*- मिलन थापा, बनेपा*

## विदेश हुँदा नि **घरकै चिन्ता**



पछिल्लो समय नेपालीहरू वैदेशिक रोजगारीमा मात्र गैरहेका छैनन। रोजगारीमा गएकाहरूको अवस्था राम्रो पनि भैरहेको छ भने कतिपय व्यापार व्यवसायमा पनि जम्न थालिसकेका छन। उता शिक्षाका लागि विदेशीने बढिरहेका छन्। यी सब कारण अहिले विदेशमा रहेका अधिकांशले आफ्ना बाबुआमालाई आफु रहेको देश घुमाउने प्रचलन बढेको छ। यी बुढा बाआमाहरूमा विदेश घुम्दा पनि घरको पिरलो कति हुन्छ भन्ने चित्रण युवराज नयाँघरेको लेखमा पढन पाइयो। रमाइलो तर यर्थाथ लेख।

*- गोबिन्द शर्मा, कतार*

## गजल



**● सन्तोष चौधरी**

चाहना हर घडी तिमी थियो
मौनता तोड्नु मजबुरी थियो।

सम्झना भइदियो अजर अमर
चोट दिलभित्र मामुली थियो।

आज चुपचाप बस्न बाध्य छु
प्रेम सायद बनावटी थियो।

फूलको आर्तनाद सुन्नुहोस्
दिल दिने साँच्चि नर्तकी थियो।

एक दुनियाँ थियौ हिजो तिमी
जिन्दगीजस्तो जिन्दगी थियो।

डुल्न मन लाग्छ वाटिका सधैँ
हातमा किन्तु हतकडी थियो।

भर्खरै नाघियो चरम सीमा
प्यारको अन्त्य दुश्मनी थियो॥

# भिजिट भिसा सेटिङ टार्दै सरकार




● अर्थ र रोजगार

गत जेठ ७ गते गृहमन्त्रालयका सहसचिव तीर्थराज भट्टराईलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लियो। अघिल्लो दिन मात्र गृह मन्त्रालय तानिएका भट्टराई जेठ ६ गतेसम्म त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयको प्रमुख थिए।

भिजिट भिसाका नाममा अनियमितता तथा सेटिङमा मानव तस्करी हुने गरेको उजुरीको आधारमा अख्तियारको टोलीले भट्टराईलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको हो। अख्तियारले गोप्यरुपमा विमानस्थल अध्यागमनमा छापा हान्ने तयारी गरिरहेको बेला एकाएक प्रमुखसहित ९ जना कर्मचारीलाई मन्त्रालय तानिएपछि गृह मन्त्रालय समेत विवादमा मुछिएको छ।

भट्टराईमाथि दैनिक चार सय जनालाई भिजिट भिसामा पठाएर प्रतिव्यक्ति २० देखि ४० हजार रुपैयाँसम्म रकम असुल्ने गरेको उजुरी रहेको छ। अहिले भट्टराईमाथि अख्तियारले छानविन गरिरहेको छ भने यती ठुलो अपराधमा अध्यागमनका कर्मचारी मात्र नभएर गृह मन्त्री र उनको सचिवालयकै मिलेमतो हुनसक्ने भनेर माथिसम्मै छानविन गरिनुपर्ने आवाज उठिरहेको छ।

यो घटनापछि प्रतिपक्षी राजनैतिक दलहरूले गृहमन्त्री रमेश लेखकको राजिनामा माग्दै छानविन गर्न संसदीय अथवा न्यायिक छानविन समिति गठन हुनुपर्ने माग राख्दै आएकोमा सत्ता पक्षले भने अख्तियारले छानविन गरिरहेको भन्दै छुट्टै समिति गठन गर्नु नपर्ने र गृहमन्त्रीले राजिनामा दिनु नपर्ने अडान

राखेको छ ।

यसबीचमा गृहमन्त्री लेखकले यस घटनामा आफु निर्दोष रहेको जिकिर गर्दै सदनमा जवाफ दिन पाउनुपर्ने माग पटक पटक राखेपनि विपक्षी दलहरूले राजिनामाको बिकल्प नभएको भन्दै सदनमा बोल्न नदिने अडान राखेपछि पत्रकार सम्मेलन गरेर आफ्ना धारणा राखे ।

पत्रकार सम्मेलनमार्फत गृहमन्त्री लेखकले मन्त्रालय अन्तर्गत हजारौं कर्मचारी रहेकाले कुनै कर्मचारीमाथि अनुसन्धान हुनेबित्तिकै मन्त्रीले नै राजिनामा दिने कुराले राम्रो नजीर नबस्ने बताए । उनले आफुविरुद्ध राजनीतिक र नियोजित रूपले षड्यन्त्रमूलक ढंगले झुट्टा प्रचारबाजी भइरहेको भन्दै भने -'भिजिट भिसाका विषयमा मात्रै होइन, राजनीतिक र सार्वजनिक जीवनमा आर्थिक अनियमितता गरेको विषय प्रमाणित भए पदबाट मात्र नभई राजनीतिबाटै अलग्गिन्छु ।'

लगातार सदन अवरुद्ध भएपछि सत्तारुढ दलहरू र प्रतिपक्षी दलहरूबीच विभिन्न चरणमा अनौपचारिक छलफल भयो । अन्तत : सदन अवरुद्ध भएको १७ दिनपछि प्रमुख प्रतिपक्षि दल नेकपा माओवादी केन्द्रले सरकारसँग २ बुँदे सहमति गरेर सदन सुचारु गर्न सहमती जनायो ।

सरकार र माओवादीबीचको सम्झौताको पहिलो बुँदामा भिजिट भिसामा हुने अनियमितता र अध्यागमनसँग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई सरकारले आवश्यक सहयोग गर्ने भनिएको छ ।

यस्तै दोस्रो बुँदामा अध्यागमन र भिजिट भिसाको सम्बन्धमा देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवं छानबिन गर्ने प्रतिवद्धता छ । यस्तै छानबिन पश्चात नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि उपयुक्त र ठोस पहल गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गरेको छ ।

यो सम्झौतासँगै प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजिनामाको मागबाट पछि हट्दै संसद्मा बोल्न दिन तयार भयो तर अरु विपक्षी दल रास्वपा र राप्रपाले भने गृहमन्त्रीको राजिनामा तथा संसदीय वा न्यायिक छानविन समितिको अडान छाडेनन् ।



*रमेश लेखक, गृहमन्त्री*

## मेराविरुद्ध **षड्यन्त्रमूलक प्रचारबाजी** भयो

गृह मन्त्रालय अन्तर्गत हजारौं कर्मचारी छन्, कर्मचारीमाथि अनुसन्धान हुनेबित्तिकै मन्त्रीले नै राजीनामा दिने कुराले राम्रो नजीर बस्दैन । म विरुद्ध राजनीतिक र नियोजित रूपले षड्यन्त्रमूलक ढंगले झुट्टा प्रचारबाजी भयो । भिजिट भिसाका विषयमा मात्रै होइन मेरो राजनीतिक र सार्वजनिक जीवनमा आर्थिक अनियमितता गरेको विषय प्रमाणित भए पदबाट मात्र नभई राजनीतिबाटै अलग्गिने घोषणा गर्छु ।

माओवादीले बोल्न दिन सहमती जनाएपछि रास्वपा र राप्रपाको बिरोधकाबीच गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणमा आफूमाथि उठेका प्रश्नहरूको जवाफ सदनमा दिएका थिए । उनले सदनमा आरोप सावित भए राजिनामा मात्रै नभएर राजनीति नै छाड्ने भन्दै आफूमाथि उठेका प्रश्नको प्रतिवाद दोहोऱ्याएका थिए ।

तथापी पछिल्लो समय विस्तारै यो प्रकरण ओझेलमा पर्दै जान थालेको छ । भिजिट भिसाका नाममा नेपाली युवालाई लुटेर करोडौंको अवैध असुलीको ऱ्याकेट चलिरहेको र गृहमन्त्रीकै सचिवालयको प्रत्यक्ष संलग्नता रहेको आरोप लागिरहँदा पनि सरकारले यसलाई गम्भिरतापूर्वक नलिदा यो प्रकरण यत्तिकै सेलाउने होकी भन्ने आशंका पैदा हुन थालेको छ ।

**पटक पटक छानविन, समस्या जस्ताको तस्तै**

त्यसो त त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन कार्यालय सधै विवादमा आउने गरेको छ । 'सेटिङ'मा मानव तस्करी हुने गरेको भन्दै यसअघि पनि अध्यागमन माथि पटक पटक छानविन नभएको होइन । तर सेटिङ मिलाएर भिजिट भिसामा मानव तस्करी गर्ने कार्य घट्नुको सट्टा झन झन बढिरहेको छ ।

यसअघि पनि २०८० माघ १० गते जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले विमानस्थल अध्यागमनका ९ अधिकृतसहित २२ जनाविरुद्ध संगठित अपराध र किर्ते अभियोगमा मुद्दा दायर गरेको थियो । तर २०८१ मंसिर १४ गते जिल्ला न्यायाधीश रामप्रसाद शर्माको इजलासले नौ जना अधिकृतलाई सफाइ दिएर बिचौलिया र ट्राभल एजेन्सी सञ्चालकलाई मात्र दोषी ठहर गरेको थियो ।

यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि लोकमानसिंह कार्की प्रमुख आयुक्त भएका बेला २०७० फागुनमा खाडी

> पछिल्लो समय विस्तारै यो प्रकरण ओझेलमा पर्दै जान थालेको छ । भिजिट भिसाका नाममा नेपाली युवालाई लुटेर करोडौंको अवैध असुलीको ऱ्याकेट चलिरहेको र गृहमन्त्रीकै सचिवालयको प्रत्यक्ष संलग्नता रहेको आरोप लागिरहँदा पनि सरकारले यसलाई गम्भिरतापूर्वक नलिदा यो प्रकरण यत्तिकै सेलाउने होकी भन्ने आशंका पैदा हुन थालेको छ ।



मुलुकमा रोजगारीका लागि जाने कामदारसँग असुली गरेको आरोपमा वैदेशिक रोजगार र अध्यागमन विभागका कर्मचारीहरूलाई एकसाथ समातेको थियो । तर त्यसबेला पनि यस विषयको अनुसन्धान माथिल्लो तहसम्म पुग्नै सकेन ।

विमानस्थलमा पटक पटक 'सेटिङ'को गन्ध आएता पनि अनुसन्धान बिचमा नै तुहिने गरेको छ । सेटिङको कनेक्शन माथिल्लो तहसम्म नै पुग्ने भएकाले केही साना कर्मचारीलाई कारवाहीको नाटक गरेर यो विषय सामसुम पार्ने गरिन्छ । यो पटक पनि सरकार आफै लागेर यति गम्भिर विषयलाई अनुसन्धानमा सघाउनुको साटो विस्तारै टार्न खोजिरहेको आभाष हुन्छ ।

**बैरागी नेतृत्वको उच्चस्तरीय समिति गठनमै शंका**

सरकारले अध्यागमन र भिजिट भिसाका समस्या समाधान गर्न पूर्व मुख्यसचिव शंकरदाश बैरागीको नेतृत्वमा ७ सदस्यीय उच्चस्तरीय अध्ययन समिति गठन गरेको छ । यो समितिले निष्पक्ष छानविन गर्नेमा नै शंका उत्पन्न भएको छ ।

मन्त्रिपरिषद् बैठकले पूर्व मुख्यसचिव बैरागीको नेतृत्वमा अर्थ मन्त्रालयका सहसचिव तीर्थराज चिलवाल, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव अरुणा जोशी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रामकृष्ण लामिछाने, परराष्ट्र मन्त्रालयका सहसचिव मणिरत्न शर्मा र श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइराला सदस्य तथा सदस्य सचिवमा गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले रहने गरी समिति गठन गरेको हो ।

समितिलाई अध्यागमनमा विगतदेखि देखिएका नीतिगत र प्रक्रियागत समस्याको पहिचान गरी सुधारका सुझावसहित प्रतिवेदन बुझाउने टिओआर मन्त्रिपरिषद् बैठकले दिएको छ । सरकारले गठन गरेको समितिलाई प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले स्वागत गरेपनि रास्वपा र राप्रपाले भने अस्विकार गरेका छन् ।

रास्वपाका सांसद् डा स्वर्णिम वाग्लेले पूर्वमुख्यसचिव वैरागीको अध्यक्षतामा गठित समितिलाई आफूहरूले अस्वीकार गर्ने बताउदै भिजिट भिसा प्रकरणमा छानबिन गर्न बहालवाला वा पूर्वन्यायाधीशको नेतृत्वमा संसदीय छानबिन समिति गठन हुनुपर्ने अडान राखेका छन् ।

'गृहमन्त्री दोषी नहुनुहोस् भन्ने मेरो चाहना छ, तर परोक्ष संलग्नता देखिएको छ, अझ गृहमन्त्री आफैले गर्वका साथ मैरै प्रस्तावमा छानविन समिति गठन गरिएको भन्नुभयो, अब के आरोपितले नै आफैले अनुसन्धान अधिकृत छान्दै जाने हो त ?' उनले भने 'कर्मचारी संयन्त्रबाट यस प्रकरणको छानबिन हुनै सक्दैन यसर्थ समितिको नाममा चोख्याउने समिति हामी स्वीकार गर्दैनौ, हामी नयाँ हौ तर बेबकुफ होइनौ'

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले भिजिट भिसा प्रकरणका सन्दर्भमा अहिलेका गृहमन्त्री मात्र नभएर विगत



*डा. स्वर्णिम वाग्ले, उपाध्यक्ष, रास्वपा*

## सेटिङमा संलग्नलाई कारबाही हुनैपर्छ

विमानस्थलमा भिजिट भिसाका नाममा हुने गरेको सेटिङमा संलग्न सबैलाई कारवाही हुनुपर्छ । अझ यस घटनामा गृहमन्त्रीको परोक्ष संलग्नता देखिएको छ, उहाँले राजिनामा गरेर अनुसन्धानमा सघाउ पुऱ्याउनु पर्छ । कर्मचारी संयन्त्रबाट बनेको छानविन समितिले यस प्रकरणको छानबिन हुनै सक्दैन । यसर्थ समितिको नाममा चोख्याउने समिति हामी स्वीकार गर्दैनौ, हामी नयाँ हौ तर बेबकुफ होइनौ ।

> विमानस्थलमा पटक पटक 'सेटिङ'को गन्ध आएता पनि अनुसन्धान बिचमा नै तुहिने गरेको छ । सेटिङको कनेक्शन माथिल्लो तहसम्म नै पुग्ने भएकाले केही साना कर्मचारीलाई कारवाहीको नाटक गरेर यो विषय सामसुम पार्ने गरिन्छ । यो पटक पनि सरकार आफै लागेर यति गम्भिर विषयलाई अनुसन्धानमा सघाउनुको साटो विस्तारै टार्न खोजिरहेको आभाष हुन्छ ।

१८ वर्षमा नियुक्त भएका १४ जना गृहमन्त्री उपर छानबिन गर्नुपर्ने माग गरेका छन् ।

**विमानस्थलको एक महिनाको तथ्यांक, १ हजार ५७४ भए फिर्ता**

त्रिभुवन विमानस्थलको अध्यागमनले एक महिना भित्रमा २ लाख २५ जनालाई प्रस्थान अनुमति दिएको र एक हजार ५ सय ७४ जना लाई फिर्ता (अफलोड) गरेको छ ।

अध्यागमन कार्यालयका प्रमुखलाई अख्तियारले तानेपछि पनि विमानस्थलमा खासै कडाई गरिएको छैन । २०८२ जेठ ९ देखि असार ८ सम्म १ महिनाको अवधिमा २ लाख २५ हजार ९७० जनाले प्रस्थान अनुमति पाएको अध्यागमन कार्यालयको अभिलेखमा छ । यसमध्ये १ लाख ३८ हजार ८२७ जना नेपाली र ८७ हजार १४३ जना विदेशी छन् ।

प्रस्थान अनुमति पाएका नेपालीहरू मध्ये ७७ हजार १५ जना रोजगारीका लागि, २ हजार ३९१ जना व्यवसायको सिलसिलामा, ५६० जना कन्सर्ट, सांस्कृतिक कार्यक्रम तथा इभेन्टका लागि, २ हजार ५०७ जना सेमिनार तथा तालिमका लागि, १५ हजार ९०९ जना घुमघामका लागि र अन्य विभिन्न कार्यका लागि विदेश गएकाहरू छन् ।

साथै १ महिनाको अवधिमा १ लाख ८४ हजार ४४६ जना नेपाल आएको पाइएको छ । यसमध्ये १ लाख २४ हजार ६५ पुरुष र ६० हजार ३८१ महिला छन् ।

**नीतिगत कडाईका कारण 'सेटिङ' झन मौलाउँदै**

सरकारले मेनपावर एजेन्सीहरूलाई मात्र वैदेशिक रोजगारमा पठाउन अनुमति दिएको छ । तर, यहाँ नीतिगत झमेलाका कारण संस्थागतरुपमा वैदेशिक रोजगारमा नगएर व्यक्तिगत वा भिजिट भिसाका नाममा विदेश उड्नाका कारण समस्या दिनानुदिन बढिरहेका छन् ।

अर्कोतर्फ महिलालाई घरेलु कामदारका रुपमा पठाउन प्रतिवन्ध लागेपछि भिजिट भिसा र सेटिङ झन मौलाएको छ । भिजिट भिसामा दुबई पुऱ्याएर त्यहाँबाट कुवेत, ओमान, बहराइन लगायतका देशमा अहिले पनि दैनिक सयौ महिलाहरू सेटिङमा उडिरहेका छन् ।

यस्तै युरोप लगायतका मुलुकहरूमा माग प्रमाणिकरणमा समस्या हुँदा व्यक्तिगत श्रम स्वीकृतिमा जानेहरू बढेका छन । यसरी जानेहरू पनि अध्यागमनमा समस्या नहोस् भनेर सेटिङ मिलाउनेहरूकै शरणमा पुग्ने गरेका छन् ।

गृह मन्त्रालयले नेपालीलाई भिजिट भिसामा जानलाई 'कठोर प्रावधान' सहितका मापदण्ड जारी गरेपछि भिजिट भिसाको नाममा रोजगारीका लागि जानेहरू 'सेटिङ'को शरण पर्न बाध्य भएका छन । जसका कारण घुम्न या अन्य कामकाजका लागि जाने नेपालीहरूसमेत समस्या भोग्न बाध्य भएका छन ।

२०७८ फागुनमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाणले भिजिट भिसामा जानेका लागि १७ बुँदे मापदण्ड जारी गरेका थिए । उक्त मापदण्डले भिजिट भिसामा सहजरुपमा जान पाउने अधिकार कुण्ठित हुने र मानव तस्करी झन मौलाउने भनेर सर्बत्र आलोचना भएको थियो । यसपछि २०८० माघमा तत्कालिन

गृहमन्त्री नारायणकाजी श्रेष्ठले खाणका पालामा जारी गरिएको १७ बुँदे मापदण्ड खारेज गरेर ६ बुँदे नयाँ मापदण्ड लागू गरेका थिए ।

त्यसमा भिजिट भिसामा जान 'कम्तीमा ६ महिनाको अवधि भएको राहदानी, भिसा, टिकट, गन्तव्य मुलुकको होटल बुकिङ वा आफन्तले स्पोन्सर गरेको कागजात, पाँच सय डलर र फर्किने स्वघोषणाको कागजातसहितका आवश्यक सर्त' समेटिएको छ । मापदण्ड केही खुकुलो भए पनि अध्यागमनका कर्मचारीले नेपाली यात्रीबाट उही शैलीमा रकम असुल्दै आएका छन् ।

सरकारले लागू गराएको मापदण्डले समस्या न्यूनिकरण गर्नुको सट्टा सेटिङलाई झन प्रोत्साहित गरेको छ । त्यही प्रावधानमा टेकेर भिजिट भिसामा विदेश जान लागेका नेपालीलाई अध्यागमनका अधिकारीहरूले अनावश्यक प्रश्न गर्ने र प्रक्रिया नमिलेको भन्दै रोक्ने रणनीति अपनाउदा सेटिङको बाध्यतामा पर्ने गरेका छन् । जसका कारण अध्यागमन पास गराइदिने नाममा संगठितरुपमै रकम असुलिने गरेको गुनासोहरू आएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी सरकार आफैका कारण विमानस्थलमा सेटिङ मौलाएको बताउँछन् । 'सरकारले यूरोपको मागपत्र प्रमाणिकरण गरेको छैन, रोजगार गन्तब्य देशमा सहजीकरण गरेको छैन, मेनपावरले संस्थागतरुपमा पठाउने बाटो साघुरिदा सेटिङको खेल झनझन मौलाउदै गएको हो' उनी भन्छन्- 'संस्थागतरुपमा मात्र वैदेशिक रोजगारमा पठाउने हो भने सेटिङको खेल आफै कम्जोर हुन्छ र कोही ठगिनु पर्ने पनि छैन ।'



***राजेन्द्र भण्डारी,* निवर्तमान अध्यक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

## सरकार आफैं **सेटिङलाई प्रोत्साहन** गर्छ

सरकारले विदेश जानेहरूका लागि नीतिगत बखेडा निकालेर सेटिङलाई प्रोत्साहन गरिरहेको छ । अहिले यूरोप जाने अधिकांश सेटिङ गर्न बाध्य छन्, यसको कारक भनेको सरकारले यूरोपको मागपत्र प्रमाणिकरण नगरेर संस्थागत पठाउन नपाउनु नै हो । सरकारले संस्थागतरुपमा मात्र वैदेशिक रोजगारमा पठाउनका लागि प्रोत्साहन गर्ने हो भने यस्तो ठगी आफै रोकिने थियो ।

ट्राभल एजेन्सी, एयरलाइन्स, कर्मचारी, प्रहरी र बिचौलियाबीच रकम लेनदेन गरेर 'सेटिङ' मिलाउने गरेको प्रमाण भेटिएको अख्तियारका अधिकारीको भनाइ छ । ती अधिकारीका अनुसार गिरोहले खाडी मुलुकका लागि ३० देखि ५० हजारसम्म र युरोप जान चाहने व्यक्तिबाट तीन लाख रुपैयाँसम्म उठाउने गरेको थियो । अध्यागमनको अभिलेखअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनमा सरदर चार सय जना भिजिट भिसामा विदेश जाने गरेका छन् ।

यही आकर्षणका कारण पनि अध्यागमन कार्यालयमा आफु अनुकुल कर्मचारी पठाउन गृह मन्त्रालयले विशेष चासो देखाउनु र कर्मचारीहरूले पनि यहाँ जान मरिहत्ते गर्नुमा सेटिङको आम्दानी नै मुख्य कारण रहेको प्रष्ट हुन्छ । जसका कारण त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयमा २०७१ सालदेखि पछिल्ला दस वर्षमा २४ जना कार्यालय प्रमुख फेरिएका छन् भने अध्यागमन विभागमै पनि दस वर्षमा १३ जना महानिर्देशक फेरिएका छन् ।

भिजिट भिसा सेटिङको नाममा भइरहेको यो प्रवृत्ति सस्तो झुटो सपना बेच्ने धन्दामा बदलिँदैछ । यो न त वास्तविक पर्यटकीय प्रवर्द्धन हो, न सुरक्षित वैदेशिक रोजगार, यो त केवल व्यक्तिको जीवन र भविष्य जोखिममा पार्ने कालो बजार हो ।

भिजिट भिसा सेटिङ नामको यो प्रवृत्ति नेपाली समाजमा फैलिएको आधुनिक धोका पनि हो । यसले हाम्रो जनशक्ति, पूँजी र भविष्य गुमाइरहेको छ । यस्तो कार्यमा संलग्न जो कोहीलाई कारवाही हुनुपर्छ । सरकार, मिडिया, र नागरिक समाज मिलेर अब यसको रोकथामका लागि एकजुट हुन आवश्यक छ ।




# विदेशबाट फर्किएर उद्यमी बनेकाले पाए 'उद्यमी राष्ट्रिय पुरस्कार'



सरकारले वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमा व्यवसायमा लागेर उद्यमी बनेका ८ जनालाई नगद राशीसहित यो बर्षको राष्ट्रिय पुरस्कार प्रदान गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले देशभरबाट छनौट गरेर ७ जनालाई 'उद्यमी राष्ट्रिय पुरस्कार' र एक जनालाई 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार' प्रदान गरेको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरद सिंह भण्डारी र सचिव डा. कृष्णहरी पुष्करले ८ जना उद्यमीलाई मन्त्रालयमा नै आमन्त्रण गरेर पुरस्कृत गरेका हुन्।

झापा दमकमा भूमिका सीपमुलक तालिम केन्द्र संचालन गरिरहेका रविन पोखरेलले 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार'सहित एक लाख ५० हजार नगद प्राप्त गर्न सफल भए। उनी यूएईमा काम गरेर स्वदेश फर्किएका उद्यमी हुन्।

त्यसैगरी सातवटै प्रदेशबाट प्रतिनिधित्व हुनेगरी ७५ हजार राशि नगदसहित 'उद्यमी राष्ट्रिय पुरस्कार' प्राप्त गर्नेहरूमा मोरङमा आमा कृषि फर्म संचालन गरिरहेका राजिव खड्का, बारामा निम्तो एग्रो फार्म संचालन गरिरहेका शंकर सिम्खडा, दोलखामा वैतेश्वर रेन्ट एण्ड क्याटरिङ संचालन गरिरहेका कुमार श्रेष्ठ, तनहुँमा बसन्तत पोल्टिफार्म संचालन गरिरहेका बसन्तबहादुर खड्का, अर्घाखाँचीमा श्री न्यू सन्ध्या होटल एण्ड रेष्टुरेन्ट संचालन गरिरहेका शोभाखर पौडेल, सुर्खेतमा देउती होजियारी उद्योग संचालन गरिरहेका लक्ष्मीप्रसाद ढकाल र बैतडीमा कैलपाल बहुउदेश्य कृषि फार्म संचालन गरिरहेका तर्कसिंह विष्ट रहेका छन्।

पुरस्कार पाउने सबै व्यवसायीले कम्तीमा ७ जनाभन्दा बढीलाई रोजगारी दिएका छन् भने उनीहरूले ८० लाखभन्दा बढी लगानी गरी व्यवसाय सञ्चालन गरेका छन्।

वैदेशिक रोजगारीबाट फर्केका युवालाई मुलुकमा नै रोजगारीका अवसरहरू सृजना गर्न प्रेरित गर्नका लागि मन्त्रालयले प्रत्येक वर्ष वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरूलाई पुरस्कृत तथा सम्मान गर्दै आएको छ। यस वर्षको राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि ५६ जना उद्यमीले पुरस्कारको लागि आवेदन दिएका थिए।

विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६ बमोजिमको पुरस्कार सिफारिस समितिले उद्यमीको स्थलगत निरीक्षण र मुल्यांकन गरेर पुरस्कृत हुनेहरूको छनोट गरेको थियो।

मन्त्री शरदसिंह भण्डारीले नेपाल सरकारले आन्तरिक रोजगारलाई नै मुलुकको मूल आर्थिक गतिविधिको आधार मानेर स्वदेशमा उद्यम गरिरहेकालाई प्रोत्साहन दिनका लागि सम्मानित गरेको बताएका छन्।

उनले भने, 'नेपाल सरकारले आन्तरिक रोजगारलाई नै मुलुकको मूल आर्थिक गतिविधिको आधार मान्दै वैदेशिक रोजगारको बाध्यात्मक अवस्थालाई अन्त्य गर्न आन्तरिक रोजगारको प्रवर्द्धन गर्नुपर्छ भन्ने कुरालाई मध्यनजर राखेका छौं।'

उनले आगामी दशकलाई आन्तरिक रोजगारी प्रवर्धनको दशकका रुपमा मनाउने निर्णय सरकारले गरेको पनि बताए। 'हामीले आन्तरिक रोजगारीको निम्ति आगामी दशकलाई आन्तरिक रोजगारी प्रवर्धनको दशककोरुपमा मनाउने निर्णय गर्यौं र मन्त्रालयमा आन्तरिक रोजगार महाशाखाको व्यवस्था गर्यौं', उनले भने।

सरकारले विदेश जान मात्र होइन फर्किएर आएकाहरूलाई अझ प्रोत्साहन गर्न जरुरी छ। स्वदेशमा उद्यमशिल बनेर अरुलाई रोजगार दिन सफल युवाहरूलाई आफ्नै देशमा रोक्न सक्नु पर्छ।



# नेपाल र साउदी अरबबीच सामान्य र सीपयुक्त श्रमिक लैजाने विषयमा सहमति



श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र साउदी अरबको अन्तर्राष्ट्रिय मामिलाका उपमन्त्री तारिक अल हमदबीच नेपाली श्रमिक लैजाने महत्वपूर्ण बिषयमा सहमति भएको छ।

जेनेभामा भएको साइडलाइन द्विपक्षीय भेटवार्ता र छलफलका क्रममा नेपाल र साउदी अरेबियाबीच श्रमिक लैजाने सम्बन्धमा महत्वपूर्ण सहमति भएको हो।

मन्त्री भण्डारीले घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर सामान्य र सीपयुक्त श्रमिकको सीप प्रमाणीकरण कार्यक्रमसम्बन्धी गरी तत्काल दुईवटा सम्झौता गर्न साउदी अरब तयार रहेको बताए। नेपालले साउदीसँगको सामान्य श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा सहमति जनाइसकेको छ।

'साउदीसँग सामान्य श्रमिक लैजाने श्रम सम्झौतामा यसअघि नै सहमति भइसकेको छ। यसमा हस्ताक्षर हुन मात्रै बाँकी छ,'उनले भने, 'साउदीले घरेलु श्रमिक सम्बन्धी सम्झौता भएपछि मात्रै सामान्य सम्झौतामा हस्ताक्षर हुन सक्ने अडान लिएको थियो। अहिलेको बैठकले सहमति भइसकेको सम्झौता अगाडि बढाउने र घरेलु श्रमिक सम्बन्धी सम्झौताको मस्यौदामा थप गृहकार्य गर्ने टुंगो लगाएको छ।'

श्रममन्त्री भण्डारीले दुई देशबीच श्रम सम्झौता भइसकेपछि मात्रै घरेलु श्रमिकको सम्झौता गर्नुपर्ने नेपालको संसदीय समितिको निर्देशन रहेको जानकारी साउदी पक्षलाई गराउँदै यसका लागि पाइलट परियोजना आवश्यक पर्ने जानकारीसमेत दिएका थिए। उनले जेनेभा बैठकले साउदी अरेबियासँग सामान्य श्रम सम्झौता र सीप प्रमाणीकरण कार्यक्रममा हस्ताक्षर गर्ने बाटो खोलिदिएको बताए।

साउदीले पठाएको सामान्य सम्झौताको मस्यौदामा नेपालले सहमति जनाएर औपचारिक रूपमा परराष्ट्र मन्त्रालयमार्फत साउदी सरकारलाई पठाइसकेको छ। त्यस मस्यौदामा अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डअनुसार श्रमिकको अधिकार, व्यवसायजन्य स्वास्थ्य सुरक्षा, रोजगारदाता परिवर्तन, श्रमिकको न्यायोचित भर्ना गर्ने विषयहरू समावेश गरिएका छन्।

# यूएई जाने श्रमिकको न्यूनतम तलब १ हजार दिराम

नेपाल सरकारले संयुक्त अरब इमिरेट्स (यूएई) मा नेपाली कामदारका लागि न्यूनतम पारिश्रमिक १ हजार दिराम वा त्यसभन्दा माथि हुने निर्णय कार्यान्वयनमा ल्याएको छ।

राजपत्रमा सूचना प्रकाशित गरि सरकारले अब मेनपावर कम्पनीले तोकिएको भन्दा कम तलबमा यूएईमा कामदार पठाउन पाउने छैनन्। सरकारले गत जेठमा न्यूनतम पारिश्रमिक बढाउने निर्णय गरेको थियो। राजपत्रमा प्रकाशित भएसँगै सो निर्णय कार्यान्वयनमा आएको हो।

'अब १ हजार दिराम वा त्यसभन्दा कम सुविधामा आएको मागपत्र सरकारले प्रमाणीकरण गर्ने छैन। यसअघि यूएईमा अदक्ष कामदारका हकमा न्यूनतम पारिश्रमिक ८ सय दिराम तोकिएको थियो। नयाँ तलबमान अनुसार अदक्ष कामदारका हकमा न्यूनतम पारिश्रमिक १ हजार दिराम, मासिक खाना खर्च ४ सय दिराम वा त्यसभन्दा माथि गरी कुल १ हजार ४ सय वा त्यसभन्दा माथि हुनुपर्ने छ ' श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी बताउँछन्।

मन्त्री भण्डारीले प्रतिनिधि सभा बैठकमा समेत यूएई जाने कामदारको न्यूनतम् पारिश्रमिक बृद्धि गर्ने निर्णय गरेको जानकारी गराएका छन्।



उनले भनेका छन्- 'वैदेशिक रोजगारमा जाने श्रमिकको सुरक्षा र सेवा, सुविधाको सुनिश्चित हुनेगरी कामहरू गर्नेछौं। भर्खरै मात्र यूएईमा जाने नेपाली श्रमिकहरूको न्यूनतम ज्याला आठ सयबाट बढाएर हजार दिराम बनाउने निर्णय गरेका छौ।'

मन्त्री भण्डारीले 'वैदेशिक नीति अनुसार दक्ष र सीपयुक्त नेपालीलाई वैदेशिक रोजगारीको लागि कोरिया, जापानमा अर्धदक्ष र दक्ष कामदार पठाउने गरी निर्णय भएको समेत जानकारी गराएका छन्।

यूएईका लागि अर्धदक्ष कामदारका हकमा १ हजार २ सय वा त्यसभन्दा माथि पारिश्रमिक, खाना खर्च ४ सय दिराम गरी कुल १ हजार ६ सय वा त्यसभन्दा माथि हुने गरी तोकिएको छ। त्यस्तै दक्ष कामदारका हकमा न्यूनतम पारिश्रमिक १ हजार ५ सय दिराम, खाना खर्च ४ सय वा त्यसभन्दा माथि गरी कुल १ हजार ९ सय दिराम हुनुपर्छ।

उच्च दक्ष कामदारका हकमा न्यूनतम पारिश्रमिक ६ हजार वा त्यसभन्दा माथि हुनुपर्ने छ। यसमा खाना खर्च ४ सय जोडेर ६ हजार ४ सयभन्दा माथि हुनुपर्ने समेत सूचनामा उल्लेख छ।

## सरकारी अनुदान पाएका काठमाडौंका कृषक भन्छन्-

# 'कृषिमा लाग्न उर्जा मिलेको छ'



● अर्थ र रोजगार

काठमाडौं उपत्यका भित्र कृषि पेशामा लागिरहेका कृषकहरूले सरकारी अनुदान पाएपछि थप उत्साही हुँदै आफ्नो व्यवसाय विस्तार गरिरहेका छन् ।

आफ्नै देशमा स्वरोजगार बन्दै कृषिमा लागेका कृषकहरूलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले साथ दिएपछि उनीहरू उत्साही भएका हुन् । परियोजनाले कृषकहरूलाई व्यवसायीकरण र यान्त्रिकरणमा सहयोग गर्दै कृषिमा आत्मनिर्भर बनाउन खोजिरहेको छ ।

०००

गोदावरी नगरपालिका-११ चापागाउँमा च्याउ खेती गरिरहेका चित्रराज तिमल्सिना पहिलो पटक सरकारी अनुदान पाएपछि थप उत्साही बनेका छन् । कृषि क्षेत्रमा २५ वर्षदेखि निरन्तर लागिरहेका तिमल्सिनाले युनिक च्याउ उद्योग संचालन गरिरहेका छन् ।

कृषि अभियानकर्तासमेत रहेका उनी च्याउ खेती राम्रो भए पनि बजार पाउन नसक्दा सोचेजस्तो फाइदा लिन नसकिएको गुनासो गर्छन । तथापी सरकारी अनुदानले काम गर्न भने थप प्रोत्साहन मिलेको उनको भनाई छ ।

तिमल्सिनाले आफ्नो फर्ममा गरिब, मेहनेती तथा कृषिमा केही सिक्न चाहनेका लागि निःशुल्क प्रशिक्षणका साथसाथै विभिन्न विद्यालयबाट प्राक्टिकल गर्न आउनेहरूलाई पनि सहयोग गरिरहेको बताए । उनले ल्याबबाट च्याउको बिउ उत्पादन गरेर बिउ पनि बिक्री गर्दै आइरहेका छन् ।

०००

गोदावरी नगरपालिका-५ लेलेमा शुभ सन्देश कृषि तथा पशुपालन फर्म संचालन गरिरहेका श्यामहरी नगरकोटी आफ्नो पेशाप्रति खुशी छन् । दुई पटक सरकारी अनुदान लिएका नगरकोटीले २३ रोपनी क्षेत्रफलको जग्गामा ३ वर्षदेखि निरन्तर तरकारी खेती गर्दै आइरहेका छन् ।

नगरकोटी वर्षको करिब ४० लाख बराबरको कारोवार हुने बताउँछन् । यद्यपी कृषि पेशामा बजार मुल्यदेखि कामदार, जग्गा, विऊबिजन तथा बिभिन्न रोगका समस्या झेल्नु परेको नगरकोटीको बुझाई छ । कृषि पेशामा समस्या भएपनि सरकारले सहयोग गरिदिदा कृषकहरूमा छुट्टै हौसला थपिने सुनाउँदै उनी भन्छन 'स-साना कृषि पेशा गर्ने किसानहरूका लागि यस्ता अनुदान र सहयोग असाध्यै महत्वपूर्ण हुन्छन् ।'

०००

विगत १५ वर्षदेखि निरन्तर कृषि पेशामा संलग्न ललितपुर लेलेकी गिता खत्री सरकारी अनुदान पाएपछि खेती किसानीमा थप सुविधा मिलेको बताउँछिन् । उनले श्री गणेश कृषि फर्ममार्फत व्यवस्थित खेती सुरु गरेकी छिन् ।



'यस्ता खालका परियोजनाले किसानलाई राहत मिल्नुका साथै कृषि पेशा गर्न थप उर्जा आउने रहेछ' उनले भनिन् ।

खत्रीले २५ रोपनी क्षेत्रफलमा गोलभेडा, काक्रा, काउली, बन्दा, आलु जस्ता मौसमी तरकारी खेती गर्दै आएकी छिन । उनले खेतीमा सघाउँनकै लागि मासिक तलब दिएर ३ जना कामदार राखेको र धेरै काम हुने बेला हाजिरीमा अन्य कामदार बोलाउने गरेको बताइन् । वार्षिक रुपमा यो व्यवसायबाट ४-५ लाख आम्दानी गरिरहेको बताउदै खत्री कृषि क्षेत्रमा मेहनेत गरेर निरन्तर रुपमा लाग्यो भने राम्रो आम्दानी गर्न सकिने बताउँछिन् ।

ooo

रोजगारीको सिलसिलामा २ वर्ष विदेश बसेर आएका व्यक्ति हुन् सागर थापा । विदेशमा गरेजति दुःख आफ्नै ठाँउमा गर्नसके सुन फलाउन सकिन्छ भन्ने सोच आएपछि स्वदेश फर्किएको उनको भनाई छ ।

नेपाल फर्किएपछि उनले सागर कृषि तथा पशु फर्ममार्फत भैँसी पालन तथा मौसमी तरकारी खेती गर्दै आइरहेका छन् । सुरुमै व्यवसायको लागि सरकारी सहयोग पाएका उनी पहिल्यै यस्तो आँट र हौसला मिलेको भए विदेशमा दुःख गर्न जानु नपर्ने स्मरण गर्छन । 'सरकारको सहयोगले हामीजस्ता युवालाई आफ्नै देशमा केहि गर्ने वातावरण मिलेको छ, यस्ता सहयोग मिले धेरै युवाहरू विदेशमा दुःख गर्न जानुपर्ने थिएन' उनले भने ।

अहिले दैनिक १४-१५ लिटर दुध बजारमा बेच्दै आएको बताउदै थापाले तरकारीबाट पनि राम्रो आम्दानी भैरहेको बताए । अहिलेसम्म कामदार नराखेको बरु आफू र परिवार मिलेर नै यी सब काम गरिरहेको उनको भनाई छ ।

ooo

चाँगुनारायण नगरपालिका २, भक्तपुरमा विगत ३ वर्षदेखि प्रधान पशु तथा कृषि फार्म संचालन गर्दै आएका प्रदिप प्रधानले छोटो समयमै उल्लेख्य सफलता पाएका छन् । उनको फार्ममा अहिले ३२ वटा गाई-भैँसी, ५० वटा



बाख्रा तथा हजारौ कुखुरा छन् । यसका साथै उनले ५ रोपनी क्षेत्रफलमा तरकारी खेती पनि गर्दै आएका छन् ।

अहिले दैनिक ९० लिटर दुध उत्पादन भैरहेको जानकारी दिदै प्रधानले यसलाई बढाएर दैनिक २०० लिटर दुध उत्पादन गर्ने लक्ष्य राखेको बताए । फार्ममा उत्पादित दुध लोकल मार्केटमै खपत भैरहेको र तरकारी भने बानेश्वरमा बिक्रिवितरण गर्ने गरेको उनको भनाई छ ।

ooo

भक्तपुरकै चाँगुनारायण नगरपालिका ३, भौखेलमा एस.के कृषि तथा च्याउ फार्म संचालन गरिरहेका पुरुशोत्तम कोजु करिब ८ वर्ष देखि निरन्तर रुपमा च्याउ खेतीमा लागिरहेका छन् । हाल २ रोपनी क्षेत्रफलमा च्याउ खेती गर्दै आइरहेका उनी सरकारको अनुदानले यस काममा लाग्न ठुलो राहत महसुस गराएको बताउँछन ।

कृषि क्षेत्रमा लगनशील र परिश्रमी भएर लाग्यो भने राम्रो आम्दानी हुने अनुभव प्राप्त गरेको बताउदै उनले कहिले काहि बजार भाउ घट्दा भने अलिक मार पर्ने गरेको बताए ।



ooo

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई भक्तपुरका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत चुडामणी भट्टराई कृषकलाई आफ्नो क्षेत्रमा लाग्नका लागि केही उर्जा मिलोस भनेर परियोजना कार्यालयले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका कृषकहरूका लागि सहयोग पुऱ्याउन विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउँछन ।

परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरू कस्तो रह्यो, यस्का राम्रा पक्षहरू केके हुन, कस्ता उपलब्धीहरू हाँसिल भए तथा त्यसमा भएका कमी कम्जोरीहरू औल्याउने र किसानहरूका थप जिज्ञाशा र मागहरूलाई आउने कार्यक्रमहरूमा सुधार गर्दै सम्बोधन गर्ने हिसावले संयुक्त अनुगमन गर्ने गरेको भट्टराईको भनाई छ ।

'यस्ता कार्यक्रमले किसानहरूलाई व्यवसायीकरण, यान्त्रीकरण र आत्मनिर्भर बनाउन सहयोग गरिरहेको पाइएको छ' प्रमुख भट्टराईको भनाई छ । मुख्तया किसानहरूले यो अनुदान प्राप्त गर्दा उनीहरूले व्यवसायमा फड्को मारेको अनुभवसँगै यसलाई निरन्तरता दिन आगामी दिनहरूमा अझ ठुलो स्केलको सहयोग पाए हुन्थ्यो भन्ने किसानहरूको सुझाव रहेको भट्टराईको भनाई छ ।

त्यसैगरी परियोजना अन्तर्गत काठमाडौं भक्तपुर र ललितपुरमा ६ वटा जोन विकासमा सहयोग गरी रहेको छ । कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउनका लागि कृषिलाई व्यवसायीकरण तथा यान्त्रीकरण गर्नका लागि, उद्यमशिलता विकासका लागि तथा क्षेत्र विस्तारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको प्रमुख भट्टराई बताउँछन् ।

कृषिमा लाग्नेहरूको बजारमुल्य पाउने र सरकारले यस्ता प्रकारका सहयोग गर्ने हो भने स्वदेशमा नै कृषि पेशामा लागेर सफल बन्न सकिनेछ । कृषकहरूका आवाज र समस्यालाई सरकारले सुनेर उनीहरूका लागि कार्यक्रम ल्याउने हो भने केही लाख कमाउनका लागि विदेश जानै पर्दैन ।





# बंगलादेशमा व्यवसायिक विद्युत निर्यात सुरु

बंगलादेशमा व्यवसायीक रुपमा विद्युत निर्यात सुरु भएको छ। सरकारले नेपालबाट भारतीय प्रसारण लाईन हुँदै ४० मेगावाट विद्युत बंगलादेश निर्यात सुरु गरेको हो।

गत वर्ष कात्तिक १८ मा पहिलोपटक १२ घण्टाका लागि भारतीय प्रसारण लाईन हुँदै बंगलादेश विद्युत निर्यात गरेको प्राधिकरणले यसवर्ष असार १ गतेदेखि पुनः ४० मेगावाट विद्युत निर्यात सुरु गरेको हो।

गतवर्षको असोज १७ गते नेपाल विद्युत प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड भारतबीच विद्युत विक्रि सम्झौतामा हस्ताक्षर भएसँगै अघिल्लो सिजनको अन्तिम दिन अर्थात् कात्तिक ३० गते दिउँसो १२ बजेदेखि राती १२ बजेसम्म करिब १२ घण्टामात्र विद्युत निर्यात भएको थियो।

उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले वर्षायाममा नेपाललाई बढी भएको विद्युत छिमेकी मुलुक भारतसँगै बंगलादेशमा निर्यात गर्न पाउनु खुशीको क्षण भएको बताए। “बंगलादेशमा विद्युत निर्यात हुनु यस क्षेत्रमा लाग्ने समग्र व्यवसायी र नेपालको समृद्धिका लागि खुशीको कुरा हो,”- मन्त्री खड्काले भने।

नेपालले हरेक वर्ष पाँच महिना बर्षाद्को समयमा बढी भएको बिजुली छिमेकी मुलुक भारतलाई निर्यात गर्दै आएको छ। गत वर्ष बंगलादेशसँग विद्युत निर्यात सम्झौता गरेको नेपालले त्यसवेला जम्मा १२ घण्टा मात्र विद्युत निर्यात गर्न पाएको थियो। यो वर्ष भने असार १ गतेदेखि पाँच महिना निरन्तर बंगलादेशमा विद्युत निर्यात गर्नेछ।

उर्जामन्त्री खड्काले उत्पादन निर्यात गरेर आयत घटाउनसक्ने प्रमुख क्षेत्र भनेको विद्युत क्षेत्र भएको बताए। त्रिशुली जलविद्युत केन्द्रबाट उत्पादित १८ दशमलव ६० मेगावाट र चिलिमे जलविद्युत आयोजनाबाट उत्पादित २१ दशमलव ४० मेगावाट विद्युत निर्यात गर्न नेपाल, भारत र बङ्गलादेशबीच गतवर्ष सम्झौता भएको थियो।

बंगलादेश निर्यात सुरु गरिएको विद्युत आगामी कात्तिक २९ गतेसम्म निर्यात हुनेछ। पाँच महिनाको अवधिमा १४ करोड ६८ लाख ८० हजार युनिट विद्युत निर्यात हुने नेपाल विद्युत प्राधिकरणका विद्युत प्रणाली नियन्त्रण विभागका उप-प्रबन्धक सुवर्ण सापकोटाले जानकारी दिए।

# हेल्प नेपाल स्पोर्ट्स क्लबले दियो प्याराडाइजका अध्यक्ष केसीलाई मायाको चिनो



पाचौं पटक प्रधानमन्त्री कप राष्ट्रिय पुरुष भलिवलको उपाधी चुमेको हेल्प नेपाल स्पोर्ट्स क्लबले प्याराडाइज इन्टरनेशनलका अध्यक्ष नवराज केसीलाई मायाको चिनोसहित सम्मान गरेको छ। क्लबलाई सहयोग गरेवापत केसीलाई सम्मान गरिएको हो।

मायाको चिनो ग्रहण गर्दै प्याराडाइजका अध्यक्ष केसीले भने, ‘यस्ता प्रतियोगितामा युवाहरूको सहभागिता र सफलताले देशको प्रतिष्ठा अन्तर्राष्ट्रिय स्तरमा बढाउनेछ। हामीले जुन सानो सहयोग गरेका थियौं, त्यसले यस्तो ठूलो उपलब्धिमा टेवा पुर्‍याएको देख्दा गर्व लागेको छ।’

हेल्प नेपाल स्पोर्ट्स क्लबका अध्यक्ष वासुदेव श्रेष्ठले सहयोगी सबैलाई धन्यवाद दिदै भने, ‘प्याराडाइज इन्टरनेशनलको साथले हामीले राष्ट्रिय उपाधि जित्न सफल भयौं, आगामी दिनहरूमा पनि सबैको साथ, सहयोग र उत्साहले हामी अन्तर्राष्ट्रिय स्तरमा समेत उत्कृष्ट नतिजा ल्याउनेछौं भन्ने आशा गरेका छौं। हाम्रो क्लब युवा प्रतिभालाई निखार्दै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाललाई चिनाउन कटिबद्ध छ।’

प्रधानमन्त्री कपको उपाधिसँगै माल्दिभ्समा हुने काभा क्लब च्याम्पियनसिपमा छनोट भएको हेल्थ नेपालले अहिले त्यसको लागी तयारी गरिरहेको छ। क्लबका प्रशिक्षक, व्यवस्थापक तथा खेलाडीहरू हाल माल्दिभ्स यात्रा र तयारीमा व्यस्त छन्। ‘नेपालको झण्डा अन्तर्राष्ट्रिय मैदानमा फहराउने’ लक्ष्यसहित टोली पूर्ण तयारीमा लागेको छ’ अध्यक्ष श्रेष्ठले बताए।

१४ राष्ट्र सहभागी ‘काभा मेन्स च्याम्पियन लिग’मा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुने एक मात्र क्लबका रूपमा हेल्प नेपालले अवसर प्राप्त गरेको हो। गत वर्ष नेपालमा आयोजना भएको काभा क्लब च्याम्पियन्समा हेल्प नेपाल र गण्डकीले सहभागिता जनाएका थिए।



# पढेको भए जागिर खान्थें



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

हरेक वर्ष सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट यस वर्ष पनि सार्वजनिक भइसकेको छ। देशमा विद्यमान रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राख्न यस पटकको बजेटमा फरक ढङ्गले संवोधन गर्न खोजिएको समाचार सार्वजनिक भयो। स-साना योजनामा बजेट सकाउनु भन्दा कसरी वेरोजगारीको दीर्घकालिन समाधान गर्ने ? यसतर्फ सरकारको ध्यान खिचिएको पाइयो।

नेपालमा रोजगारी नभएर होइन, आकर्षक कमाई नभएर चाहिँ समस्या उत्पन्न भएको अड्कल र तर्क छ। यहाँ थोरै काम गरेर धेरै प्रतिफलको आस गरिन्छ। कम समय खट्दा ठुलो मुल्य कहाँ आर्जन हुन्छ ? यहाँको मुल समस्या नै यही हो। अर्को, विलासि वस्तुको प्रयोग अर्थात् उपभोगमा पनि सीमा छैन। उपभोग्य वस्तुमा हरेक नेपालीको माग बढ्दो छ। हात-हातमा स्मार्टफोन छ। इन्टरनेट छ। हिजो साइकल चढ्नेहरू मोटरसाइकलमा सवार छन्। मोटरसाइकल चढ्ने गाडीमा लम्किसके। आफ्नो पहुँच बढाइसके। आम्दानी नबढी क्रयशक्ति कहाँबाट आउछ ?

खरले छाएका घर प्रायः छैनन्। कृषिकर्म कागजमा मात्र सीमित भइसक्यो। त्यो बेला घुमघाम भनेको मावल जाने कि हाटबजार धाउने चलन यतिखेर 'प्याकेज' लिएर विदेश सयरमा परिणत भयो। उसो त यहाँ आन्तरिक भ्रमण गर्ने संख्या पनि कम छैन। धार्मिक आस्थामा हिँड्ने जमात अर्के (ठुलो) छ। यो सबै नियाल्दा जीवन कसरी चलेको छ ? जस्तो आफ्नो तरिका उसरी नै चल्ने चोला रहेछ भन्ने लाग्छ।

अध्ययनको सिलसिलामा राजधानी आउने क्रम रोकिएको छैन। पढ्नकै लागि भनेर लाखौं खर्चेर विदेशीने संख्या भेलबाढी छ। नेपाली रुपैयाँको मुल्य थोरै छ, तुलनात्मक रुपमा विदेशी आर्जन (न्युनतम कमाए पनि) सटही धेरै हुन्छ। यस प्रलोभनले पनि पलायन दर बढ्दो छ। विशेषतः चिलगाडी यात्रा एकपछि अर्को अर्को पछि अर्को फेसन जस्तो भयो।

उसो त गाउँबाट शहर वा राजधानी पढ्नका लागि मात्र नभएर आवश्यकतायुक्त परिस्थितिले पनि मानिसको गन्तव्य तय हुने रहेछ। विश्वप्रसिद्ध एउटा भनाइ छ कि यात्राले मानिसको भाग्यको उदय हुन्छ। ब्याडमा हुर्किएको बिउ झिकेर खेत रोपे जस्तो। मकै गोड्दै बिरुवा सारे जस्तो। घना/ठुलो जङ्गल कहाँ एक नासका रुख मात्र हुन्छन् र ?

त्यहाँ जातजातका बोट बिरुवा र विभिन्न तुलफुल हुन्छन्। कति बढालु हुन्छन्, कति बढ्न सक्दैनन्। कति फुल्ने फल्ने हुन्छन्, कति फल्दैनन्, फुल्दैनन्। कति जाग्छन्, कति जाग्दैनन्। जे होस्, जराले ठाउँ नछोडेसम्म संघर्षमय परिस्थिति सामना गरिरहेका हुन्छन्। सहज असहज समय मध्यमार्ग व्यथित गरिरहेका हुन्छन्।

यस्तै सन्दर्भसँग मेलखाने जीवन्त पात्र हुन्- कमला घिसिङ। त्यो बेला छोरीलाई पढाएनन्। गाउँमा स्कुल थियो। दाजुभाइ पढ्न जान्थे। कमलाका हजुरबा लाहुरे हुन्। हजुरआमा लाहुरेनी। ब्रिटिस सेनामा कार्यरत बाजेको पालादेखि नै घरमा स्टील र सिलवरको चलन थिएन। कमलालाई चाँदीजस्तै रङ सिलवरको थालमा खाना खान मन लाग्थ्यो तर उनले जतिनै रहर गरे पनि त्यो साइत जुरेन। टलक्क टल्किने भनौँ, नयाँ हुन्जेल आफ्नै ऐना देखिने स्टीलको गिलासमा पानी पिउन मन लाग्थ्यो तर उनले त्यो अवसर पनि पाइनन्। जब उनको घरजम भयो, उही परिस्थिति रहेन।

"म जन्मिएको जिल्ला दोलखा हो। मेरो घर पनि दोलखा नै। बिहे हुँदा १७ वर्षकी थिएँ। म आफैँ भागेको होइन, हाम्रो मागी बिहे हो। मेरो श्रीमान्‌को थर पाख्रीन हो। बिहे गरेर गए पनि हाम्रो थर परिवर्तन हुँदैन। परिवर्तन भन्ने कुरा मानिसको मानसिकता र सोचाइ मात्र हो। भनाइ नै छ, मान्यताका लागि मान्ने भनेर। जे होस्, श्रीमान्‌को घर गए पनि हामी लिखतमा भने लेख्दैनौं। मेरो नागरिकतामा घिसिङ नै छ।

राजधानी छिरेको लामो समय भइसक्यो। यता बसेर बानी नै यतैको पऱ्यो। यहाँको स्थायी बासिन्दा होइन्छ, होइन्न अर्को कुरा। मान्छे मरेर जाँदा भोलि यो पृथ्वी नै आफ्नो हुँदैन भने तेरो यो मेरो मलाई त मतलब पनि छैन, लाग्दैन। हाम्रा चार जना छोराछोरी छन्। ठुली छोरीले स्कुल पढ्दै बिहे गरिन्। अहिले नातिनी १२ वर्षकी भइन्। नाति ६ वर्षको भयो। हाम्रो एक भाइ छोरा बाहिर छ, टर्की। उसले यता प्लस टु सकेर बाटो तातायो। धेरै भएको छैन गएको, भर्खर चार महिना पुग्दैछ।"

हँसिलो मुहार ! कमलाको शैली नै यस्तो रहेछ, जति सुनो उती सुनौ सुनौ लाग्ने। मिठास भरिएको बोलीलाई मैले सोधेँ, पढ्न कि काम गर्न किन छोरो विदेश पठाउनु भयो ? टर्की पुग्न सानो रकमले पुगेन होला ? मोटो नगद ऋण नै काढ्नु

भयो होला । बैकबाट कि सहकारीबाट कसले सहायता गरे ?

"ऊ काम गर्नकै लागि गएको हो । यताबाट पठाउन दश लाख लाग्यो । व्यक्तिबाट लिएको पैसा हुनाले अनेत्र धाउनु परेन । ब्याजमा नपर्नु अर्को सहुलियत भयो । मलाई पर्दा भाइले हाल्दियो । अब उसको छोरी विदेश जाँदा मैले हाल्दिनु पर्छ । हाम्रो छोराले अलिअलि पठाउन थालेको छ । उता काम पायो ठीकै होला भन्नु पर्‍यो । के गर्नु अहिलेका बच्चाहरू देशमा अडिन मान्दैनन् । खर्च जुटाउन उपाय थिएन भने पठाउन सक्ने थिएनौं । सबै आफन्त हुनाले व्याज परेन !"

आफन्त-आफन्त बिच कति गुलियो व्यवहार ! यी वाक्य सुनेर त झन् मलाई गाउँघरमा गरिने पर्मको याद आयो । कृषि मेलापातमा कामको बाँडफाँड हली रोपाहार धाउदाको याद आयो । लाहुरेका सन्तान कमलाका माइती । पानी पिउन ढलोटको आम्खोरा थियो । खाना खान चरेसका थाल थिए । तामाका भाँडा र चरेसकै बोटुका बाहेक वर्तन चलाउन रहर गर्दा पनि घर (माइत) मा साइत नजुरेको प्रशंगलाई अर्घ्यानिक पारा खुलस्त गरिन् ।

उनलाई जति सुनो उती आश्चर्य ! छोरी मानिसलाई पढाउनु पर्छ भन्ने चेतना सुरु भइसकेको नेपाली समाजमा कमलाको माइती गाउँ (घर) मा 'छोरी सन्तानलाई स्कुल पठाउनु हुँदैन' भन्थे भनेको सुन्नु अर्को आश्चर्य भयो । यहाँ कति अभिभावकको मनसाय आफूले जुन किसिमले गुजारा गरियो छोराछोरीलाई फरक बाटामा किन हिँडाउने ? भन्ने हुन्छ भने कतिको सोच चाहिँ आफ्नो स्तरभन्दा माथि हुनुपर्छ भनेर हर प्रयास अहोरात्र मिहिनेत गरेको देखिन्छ । हरेक आमाबाउको ध्येय छोराछोरीले आफूलाई जितुन् ! भन्ने हुन्छ ।

कमलासँग गफिन बाँकी नै थियो । डोकाभरि खादिएका मकैका घोगातिर आँखा फैलाउँदै मैले कुरो उक्काएँ । यी मकै आजको आजै बिक्छन् ? यिनको खरिद मुल्य कति पर्छ ? यो व्यापार बाहेक अरु के काम गर्नुहुन्छ ? श्रीमान् जागिरमा कि ? "मकै सबै सकिन्छ, बाँकी रहदैन । प्रतिगोटा १७ रुपैयाँ खरिद मूल्य पर्छ । मैले बेच्ने भनेको काँचो मात्र हो । सयको पाँच घोगाका दरले बेच्छु । पोल्न सजिलो छैन । हुन त यो भारी बोकेर 'मकै मकै' भनेर आवाज दिदै हिँड्न, डुल्न पनि सजिलो कहाँ छ र ?

मेरो डोकाको लागि दैनिक ६० घोगाका दरले खरिद गर्छु । कुनै दिन ७० अथवा १०० पनि हुन सक्छ तर ५० चाहिँ अनिवार्य हो । सिजनको काममा म बानी परेँ । यो व्यापार बाहेक अरु केही गर्दिनँ । घरभित्र गरिने काम जति नै उतारे पनि त्यस जिम्माको लेखाजोखा गर्ने चलन हाम्रोमा बसेन । म यताबाट गएर खाना पकाउछु, खुवाउछु, खान्छु र कोठा सफा गर्छु । अरु सम्झेर नसक्ने थुप्रो काम हुन्छ ।"

त्यहाँ ग्राहकको आगमन भयो । मुल्य तिरेर लैजाने कति आए । कतिले दाम सोधेर बुझेर एकछिनमा आउछु भनेर छाडिहिँडे । कमलाले भनिन्, "बोल्नै परेपछि झुट किन बोल्नु ? मैले यसरी व्यापार सुरु गरेको एक वर्ष भयो । म पहिला ज्यामी काम गर्थें । मेरो श्रीमान् मिस्त्री । थर पाखीन भए पनि उहाँ रक्सी खानुहुन्न । हुन त हाम्रो जातले पाएको भन्छन्, रक्सीलाई । खानेले खान्छन् पनि तर यसमा मेरो फरक मत- अब यो कुरा पहिलाको भयो ।

अहिले नखाने जात वा वर्गले चै बढी नै पिउन थालेका छन् । रक्सी खाने समुदायका मानिसले बरु खान्नन्, पिउन्नन् । सराबको सेवनले कतिको घर झगडा भएको छ । मादक पदार्थ खाएर सवारी चलाउँदा कति दुर्घटनामा परेका छन् । मर्नेहरू मरे, गए सकियो । थाहै हुँदैन आफू मरेको तर बाँच्नेलाई जिन्दगीभरि कति पीडा हुन्छ ? रक्सी खानु ठीक तर उसले चै खायो भने फुलजस्तो जिन्दगी खेर गयो ।"

कुरो बुझ्दै जाँदा त्यो दिन मौकाले मात्र



कमलासँग भेट भयो । हरिया मकै बेच्न एक ठाउँमा पसल थापेर नबसेपछि ग्राहक बोलाउँदै हिँड्नेसँग कहाँ अडिएर कुरा गर्नु ? मेरो लागि समय सोचेजस्तो सजिलो हुने थिएन कि ? कमलाको दिनचर्या दैनिक बिहान चाँडो उठ्नु । मकै आइपुग्नु पहिलै डोको उभ्याएर गाडी पर्खनु । एउटा सजिलो समय तलमाथि भए-परे मकै गाडीले फोन गर्ने रहेछ ।

संयोगवश गाडी आएन के गर्नु ? मकै खरिद्न तीनकुने पुग्नु पर्‍यो । हुन त कोटेश्वर-तीनकुने वा तीनकुने-कोटेश्वर टाढा होइन । संसारमा मानिसले कत्रा कत्रा काम पार गरेका छन्, हुन्छन् भने त्यसको तुलना सिजनका मकैको व्यापार अपायक संघर्ष पनि होइन । यहाँ आफू बाँच्न अर्काले के भन्छ, कसो गर्छ यो सोचेर समय सक्ने नै होइन । कर्म गर्ने जीवन सहज हुन्छ ।

आज एकादशी हो तैपनि सोचे अनुसार व्यापार किन भएन भन्ने प्रश्न थियो, कमलाको । मेरो राय बिहान सकिनसकेको हुनाले त्यो सम्भावना भने मरेको थिएन । त्यही अनुसार कुरा बुझाएर कमलाको ध्यान पुनः आफूतिर केन्द्रित गरे र केही थान प्रश्न तेर्स्याएँ । काठमाडौं आएर सुरुको बसाइँ कहाँ भयो ? यतिबेलासम्म यहाँ राजधानीको यो भिडमा बस्न सहजै छ ? परिवारमा राजनीति गर्ने कोही हुनुहुन्छ ? कि, आफैँलाई पनि त्यो रङ्ग चढ्छ ?

"सुरुमा मिनभवन बस्यौं । अहिले यतै छ, कोठा । भाडा बापत महिनाको आठ हजार तिर्नुपर्छ । जसरी तसरी समय बित्दैछ । जहाँ भए पनि संघर्ष नगरी हुँदैन, ठीकै छ । जीवनसँग त्यस्तो धेरै गुनासो छैन । यो मन हो सबैभन्दा चञ्चल । मन ठीक छैन भने साराथोक बिग्रन्छ ।

हाम्रो परिवारमा राजनीति गर्ने छैनन् भन्दा द्धन्द्ध कालमा कान्छी फुपूको छोरालाई माओवादीले मारे । फुपूकै माइला छोरा वडाध्यक्ष हुनुहुन्छ- एमाले पार्टीबाट । जिरी हो नि हाम्रो गाउँ हाम्रो ठाउँ । मान्छेहरूले त्यो भूगोललाई विदेशीभूमि स्वीजरल्याण्डसँग तुलना गर्छन् ।

यो नेता यो सरकार कसलाई के भन्नु ? यहाँ आर्थिक कमजोर भएका नागरिकका लागि खै के नै गरेको छ र सरकारले ? मलाई राजनीति गर्न आउदैन र गर्नु पनि छैन । सबैभन्दा मुख्य कुरा अहोरात्र खटेर दुःखले पढाएका छोराछोरीलाई देशमा काम दिनु पर्ने हो । आफू त नपढेको मानिस यहाँ केही अवसर नै छैन भनेर अडिन मान्दैनन्, आजकालका जानकार बच्चाहरू । हामी साना हुँदा अभिभावकले भनेको हार्न सकिन्थेन, मान्थ्यौं ।"

कमलाका बुवा फोक्सोको क्यान्सर भएर बित्नु भएको रहेछ, झन्डै दशक अघि । आमा हुनुहुन्छ । दुई जना आमाबाट जन्मिएका दश जना सन्तान आ-आफ्नो भाग गरिखाएका छन् । गाउँ जान विशेष काम पर्‍यो भने वर्षमा दुई तीन पटक नै ओहोरदोहोर हुँदो रहेछ । नत्र जो दैनिकी छ, छँदैछ ।

आम छोरीको जीवन बिहे अघि र बिहे पछि फरक पर्छ । कसैको पनि एकनास हुँदैन । भाग्यले जुराएको ठाउँमा पुग्नै पर्छ । भावीको लेखान्त भोग्नै पर्छ । कोही सम्पन्नबाट महासम्पन्न हुन्छन् त कोही कमलाले झैँ जीवनको रथ हाँकिरहेका छन्, देखिन्छन् । त्यो सम्पन्न परिवारमा जन्मिएकी कमलाले बालापनमा दाजुभाइसँगै पढ्न पाएकी भए ?

उनको आसय गम्भिर र ओझपूर्ण थियो । 'मैले पढेको भए जागिर खान्थें' कमलासँग गाडा छैन । सधैँ हिँडेर व्यापार गर्ने दिनचर्या जो छ । उसो त उनलाई नगरपालिकाको डर पनि लाग्दैन । त्यो तुलना सडक पेटीमा बस्नेहरू कुन बखत खोसिन्छन् । घरीघरी मारमा परिरहन्छन् । कमलालाई भने त्यो पिरलो पनि छैन । आगामी दिन सहज र सरल किसिमले व्यथित हुन् । हाम्रो कामना उनको शरीरमा रोग नलागोस्, शोक नपरोस् यही शुभेच्छा व्यक्त गर्दछौं ।

# एनआरएनए विवाद नयाँ मोडमा, पूर्ण इजलासमा पुग्यो मुद्दा

## १०औँ महाधिवेशन रद्द गर्ने फैसला पुनरावलोकन गर्दै सर्वोच्च




सर्वोच्च अदालतले गैरआवासीय नेपाली संघ (एनआरएनए)को १०औँ महाधिवेशन रद्द गर्ने आफ्नै फैसला पुनरावलोकन गर्ने भएको छ ।

न्यायाधीशहरू विनोद शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको इजलासले बिहिबार १०औँ महाधिवेशन रद्द गर्ने यसअघिको फैसला पुनरावलोकन गर्ने आदेश जारी गरेको हो ।

संघका उपाध्यक्ष डा. हेमराज शर्माले १०औँ महाधिवेशन रद्द गर्ने फैसला विरुद्ध उत्प्रेषणयुक्त परमादेशको माग गरी दायर गरेको निवेदनमाथि सुनुवाई गर्दै अदालतले उक्त आदेश जारी गरेको हो ।

संघको १० औँ महाविधेशनमा विवाद उत्पन्न भएपछि बद्री केसी, कुल आचार्य र रविना थापा तथा छुट्टै महाधिवेशन गरेर विनोद कुँवर अध्यक्ष बनेका थिए । दुईवटा कार्यसमिति बनेपछि आधिकारिकताको विवाद चुलिएपछि कुँवर पक्ष अदालत गएको थियो ।

यसबीचमा संघको ११ औँ महाधिवेशन पनि सम्पन्न भयो । महाधिवेशनले डा. बद्री केसीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेपछि निर्वाचन प्रक्रियामाथि प्रश्न उठाउदै अध्यक्षका प्रत्याशी आरके शर्मा र महेश श्रेष्ठले शर्माको नेतृत्वमा समानान्तर कार्यसमिति घोषणा गरेका थिए ।

यसैबीच कुँवर पक्षले दायर गरेको रिटमाथि सुनुवाई गर्दै २०८० चैत २१ मा न्यायाधीशद्वय सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले एनआरएनएको १० औँसहित ११ औँ महाधिवेशन पनि अवैध ठहर गर्दै २०७८ माघ १ गतेदेखिको अवस्थाबाट नयाँ प्रक्रिया शुरु गर्न भनेको थियो । जस अनुसार संघका पूर्वअध्यक्ष डा. शेष घलेको संयोजकत्वमा उच्चस्तरीय समिति बनाएर एकता महाधिवेशन गर्न आदेश जारी भएको थियो ।

यसपछि केसी समूह पुनः अदालत गएकोमा २०८१ साउन २२ गते न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले ११ औ महाधिवेशनमा निर्वाचित कार्यसमितिलाई काम गर्न नरोकेपछि डा. केसीले अध्यक्षकै हैसियतमा एनआरएनए सचिवालयबाट काम सुरु गरे ।

सर्वोच्चको दुई फरक फरक आदेशलाई आ-आफ्नै तवरले व्याख्या गर्दै घले समूहले गत मेमा एकता महाधिवेशन सम्पन्न गरेर महेश श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिसकेको छ भने यता डा. केसी समूहले अक्टोबरमा महाधिवेशन गर्नेगरी तयारी गरिरहेको छ ।

एकता महाधिवेशन घोषणा भएपछि त्यसलाई सार्न भन्दै डा. बद्री केसीले सर्वोच्चमा रिट दायर गरेका थिए । यसलगत्तै एकता महाधिवेशन पक्षधर राजेश शमशेर राणाले पनि रिट दायर गरेकोमा सर्वोच्चमा विवाद विचाराधीन रहेकै अवस्थामा गत वैशाख २१ गते एकताको महाधिवेशन सम्पन्न भयो ।

यसपछि बैशाख २३ गते सर्वोच्चका न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले एनआरएनए विवादका दुईवटा मुद्दालाई सुनुवाईका लागि पूर्ण इजलासमा पेस गर्न आदेश दिएको छ । यसैबीच सर्बोच्चले १० औ महाधिवेशन रद्ध गर्ने पुरानो फैसला नै पुनरावलोकन गर्ने भएपछि एनआरएनएको विवाद नयाँ मोडमा प्रवेश गरेको छ ।

सर्बोच्चको आजको आदेशपछि एनआरएनएका उपाध्यक्ष डा. हेमराज शर्माले प्रतिक्रिया जनाउँदै अब मुद्दाको टुंगो नलागेसम्म उच्चस्तरीय समिति र एकताको अधिवेशनमार्फत गरिएका कुनै पनि निर्णयले कानुनी मान्यता नपाउने स्पष्ट भएको बताए ।

'अब एनआरएनए नयाँ दिशातर्फ अगाडि बढ्न आवश्यक छ । यस निर्णयले हामी सबैलाई फेरि एकताबद्ध हुने ऐतिहासिक अवसर दिएको छ,' सामाजिक संजालमा लेख्दै उनले भनेका छन्, 'मैले यो मुद्दा किन दायर गरेँ, यसको पृष्ठभूमि र यसले पार्ने प्रभावबारे विस्तृत विवरण चाँडै सार्वजनिक गर्नेछु ।'





रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# इजरायल- इरान युद्ध : नेपाली त्रसित



इजरायल र इरानबीच चलेको द्वन्द्वले त्यहाँ कार्यरत नेपाली त्रसित बनेका छन् । अहिले युद्ध केही मत्थर भए पनि इजराजयलस्थित नेपाली दूतावासले इजरायलबाट स्वदेश फर्कन इच्छुक नेपालीहरूको नामावली संकलन सुरू गरेको छ ।

दूतावासले नेपालीहरूलाई उद्धार गर्ने प्रयोजनका लागि गुगल फारम उपलब्ध गराउँदै स्वदेश फर्कन चाहनेहरूको नामावली संकलन थालेको हो । स्वदेश फर्कन चाहनेहरूले उक्त गुगल फारम भर्न सक्छन् ।

'इजरायलमा विकसित पछिल्लो परिस्थितिका बीच समस्यामा/त्रासमा रहेका नेपाली नागरिकको आवश्यकतानुसार उद्धार, स्वदेश फिर्ती तथा अन्य प्रयोजनका लागि आधार प्राप्त होस् भन्ने हेतुले दूतावासले सूचना संकलनको काम सुरु गरेको छ,' दूतावासले सूचनामा भनेको छ ।

परराष्ट्र मन्त्रालयले इजरायल पाँच हजार ५०० नेपाली रहेको जनाएको छ । इरानमा करिब १६ जना नेपाली रहेको उल्लेख छ । इरानमा रहेका नेपालीलाई भने परराष्ट्र मन्त्रालयको आग्रहमा भारत सरकारले उद्धार गर्ने भएको छ । इरानमा रहेका १६ नेपालीमध्ये अध्यागमन सम्बन्धी कानुनका कारण पाँच जना नेपाली इरानी जेलमा रहेकाले उनीहरूलाई पनि जेलमुक्त गरी स्वदेश फर्काउने पहल मन्त्रालयले जारी राखेको जनाएको छ ।

हालसम्म सबै नेपालीहरू सुरक्षित रहेको मन्त्रालयले जनाएको छ । त्यहाँ कार्यरत नेपालीहरूसँग कुरा गर्दा अधिकांशले तत्काल उद्धार गर्नुपर्ने अवस्था नरहेको बताएका छन् ।

**इरान र इजरायलमा रहेका नेपालीका लागि हटलाइन सेवा सुरु**

पछिल्लो समय इरान र इजरायलबीच उत्पन्न तनावपूर्ण अवस्थालाई ध्यानमा राख्दै गैरआवासीय नेपाली संघले दुवै देशमा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई प्राथमिकता दिँदै २४ घण्टा सञ्चालन हुने हटलाइन सेवा सुरु गरेको छ ।

इजरायल र इरानमा कार्यरत वा बसोबास गरिरहेका नेपालीहरूले आपतकालीन अवस्थाहरूमा आवश्यक सहयोगका लागि सिधा सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको संघले जनाएको छ ।

सुरक्षा अवस्थाको जानकारी लिन वा सहायता आवश्यक परेमा नेपालीहरूले २४ सै घण्टा सेवा उपलब्ध रहने टेलिफोन नम्बरहरू ९८०१८६११२३ र ९८०१८६११०६ मा सम्पर्क गर्न सक्ने संघले जानकारी दिएको छ ।

नेपाली समुदायलाई सतर्क रहन, स्थानीय सुरक्षाकर्मी तथा दूतावासको निर्देशन पालन गर्न र सुरक्षित स्थानमा बस्नसमेत संघको अनुरोध छ ।



# केन्याको अवैतनिक दूतावास कार्यालय उद्घाटन

## उच्चायुक्तले राष्ट्रपतिलाई बुझाए ओहोदाको प्रमाणपत्र





नेपालका लागि केन्याका उच्चायुक्त पिटर मैनामून्यीरीले राष्ट्रपति रामचन्द्र पौडेललाई आफ्नो ओहोदाको प्रमाण पत्र बुझाएका छन् ।

नेपालका लागि गणतन्त्र केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डनको उपस्थितिमा पिटरले राष्ट्रपति कार्यालय शीतल निवासमा ओहोदाको प्रमाणपत्र बुझाएका हुन् ।

सोही दिन उच्चायुक्त पिटरले काठमाडौंको कमलादीस्थित सिटी एक्सप्रेस कम्प्लेक्सको चौथो तल्लामा गणतन्त्र केन्याको अवैतनिक दूतावास कार्यालय उदघाटन पनि गरे ।

साथै नेपालका लागि गणतन्त्र केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डनद्वारा आयोजित विशेष समारोहमा दुवै देशबीचको व्यापार प्रवर्द्धनका साथै सांस्कृतिक तथा अन्य विविध क्षेत्रमा सहकार्य विस्तारमा काम गर्ने प्रतिवद्धता जनाइएको थियो ।

नेपालका लागि गणतन्त्र केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डन, सिटी एक्सप्रेस मनी ट्रान्सफरका संस्थापक पनि हुन् ।

नेपाल र केन्याबीच सन् १९७८ मा औपचारिक रूपमा कूटनीतिक सम्बन्ध कायम भएको थियो । त्यसयता दुई देशबीच सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको छ ।

# भूतपूर्व गोर्खाका मागमा बेलायत सकारात्मक

बेलायतीसरह समान पेन्सनलगायत भूतपूर्व गोर्खा सैनिकका मागका सम्बन्धमा करिब एक वर्षपछि बेलायती पक्षसँग वार्ता भएको छ । वार्तामा बेलायती पक्षले सकारात्मक जवाफ दिएको यहाँस्थित नेपाली राजदूतावासका उपप्रमुख विपिन दुवाडीले बताए ।

उपप्रमुख दुवाडी, संयुक्त अधिराज्यको रक्षा मन्त्रालयका अधिकारी तथा भूतपूर्व गोर्खा प्रतिनिधि संलग्न वार्तामा बेलायतले मागका बारेमा सकारात्मक जवाफ दिँदै पर्याप्त गृहकार्य गरेर अर्को बैठकमा बस्न सहमति जनाएको हो ।

“बेलायती पक्ष सकारात्मक छ । पेन्सन लिने कति भूपूगोर्खा छन्, कति रकम आवश्यक पर्छ ? लगायत विषयमा अध्ययन गरी अर्को वार्तामा बस्ने सहमति भएको छ”, उपप्रमुख दुवाडीले भने ।



गोर्खा भूतपूर्व सैनिक संघका सभापति कृष्णकुमार राईले विगतका वार्तामा भूपूगोर्खाका हितका विषयमा मात्र छलफल गरेको बेलायती पक्षले यसपटक समान पेन्सनका सम्बन्धमा पनि वार्ता गरेको र पर्याप्त गृहकार्यका साथ अर्को बैठक गर्नेगरी छलफल टुङ्गिएको जानकारी दिए ।

# प्रभु बैंक र होटल यार्शाबीच छुट सम्बन्धी सम्झौता




प्रभु बैंक लिमिटेड र होटल यार्शाबीच बैंकका ग्राहक तथा कर्मचारीहरूलाई आकर्षक छुट अफर उपलब्ध गराउने सम्बन्धि सम्झौता भएको छ।

यस सम्झौता पश्चात शान्त र सुन्दर नगर जिरीमा अवस्थित होटल यार्शामा प्रभु बैंकका ग्राहक तथा कर्मचारीहरूले कोठामा १५ प्रतिशत र खाना तथा पेय पदार्थमा ५ प्रतिशत छुट पाउने छन्।

यी छुट अफरहरूले ग्राहकहरूलाई गुणस्तरीय सेवा सस्तो मूल्यमा लिन सहगोग गर्ने विश्वास लिएको बैंकले जनाएको छ।




## नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका ग्राहकलाई **हिल्टन होटेलमा** विशेष छुट

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (एनआईएमबी) लिमिटेडका ग्राहकहरूले काठमाडौंस्थित हिल्टन होटेलमा विशेष छुट पाउने भएका छन्।

एनआईएमबी र हिल्टन होटेलबीच एनआईएमबीका ग्राहकहरूलाई फुड एण्ड बेवरेजमा १० प्रतिशतसम्म छुट दिने सम्झौता भएको हो। छुट सुविधा पाउन ग्राहकले एनआईएमबीको डेबिट/क्रेडिट कार्ड वा एनआईएमबी स्मार्ट (मोबाइल बैंकिङ)मार्फत भुक्तानी गर्नुपर्ने हुन्छ।

ग्राहकवर्गलाई डिजिटल माध्यम प्रयोग गरी भुक्तानी प्रोत्साहन गर्न विभिन्न छुट तथा सुविधाहरू बैंकले दिँदै आएको छ।






आइएमईको २५औं वार्षिकोत्सव

# थप उद्यम तथा उद्यमीहरूको सृजनामा अघि बढ्न गभर्नरको आग्रह

नेपालको अग्रणी रेमिट्यान्स कम्पनी इन्टरनेशनल मनि एक्सप्रेस (आइएमई) भर्खरै स्थापनाको २५ बर्ष मनाएको छ। आइएमईले यो अवधीमा प्रवासी नेपालीहरूको श्रमको सम्मान मात्र गरेको छैन, देशको आर्थिक संवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

एउटा कोठाबाट संस्थापक चन्द्रप्रसाद ढकाल र हेमराज ढकालले शुरु गरेको आइएमई अहिले रेमिट्यान्सको पर्यायवाचक नै बनेको छ। विदेशको कमाईलाई सुरक्षितरुपमा परिवारसम्म पुऱ्याउने मात्र नभएर आम नेपालीहरूको शिक्षा, स्वास्थ्य तथा गुणस्तरीय जीवन यापनको माध्यम बन्न सफल आइएमई विदेशको कमाई वा आर्जनलाई स्वदेशको समग्र विकासमा जोड्ने एउटा पुलको रुपमा निरन्तर क्रियाशिल रहेको छ।

आइएमईको २५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै गभर्नर नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले लगानी विस्तार गर्दै थप उद्यम तथा उद्यमीहरूको सृजनामा अघि बढ्न आइएमई समूहलाई आग्रह गरेका छन्। प्रविधि विकास र उद्यम विस्तारमा राष्ट्र बैंक सहजीकरण गर्न तयार रहेको बताउदै उनले द्वन्द्वले देश अप्ठ्यारो समयमा रहेको बेला समेत जोखिम मोलेर आइएमई स्थापना भएको स्मरण गर्दै देशलाई अहिले पनि जोखिम लिन सक्ने धेरै उद्यमीहरूको खाँचो रहेको उल्लेख गरे।

वार्षिकोत्सवमा आइएमईका संस्थापक अध्यक्ष चन्द्रप्रसाद ढकालले आइएमई ग्रुपको सफलतामा तीन वटा आधारहरू रहेको

## 'विदेशको कमाई स्वदेशको विकासमा जोड्ने पुल हो आइएमई'

समर्पण र पेशागत दक्षतानै हाम्रो पहिचान र सफलताको आधार हो। धेरै नेपालीहरूले विदेशि भूमिमा पसिना बगाई रहेका थिए, विदेशमा रहेका कठोर श्रमको कमाई आफ्ना परिवारसम्म पुऱ्याउने माध्यम सिमित र मंहगो थियो। वेस्टर्न यूनियन र मनिग्राम जस्ता बहुराष्ट्रिय कम्पनिहरूले नेपालको रेमिट्यान्स सेवामा प्रवेश गर्न खोजी रहेका थिए। त्यस्तो जटिल परिस्थितीमा आफ्नो देशमा आफ्नै जनशक्तिलाई विश्वास गरेर आफ्नै आवश्यक्ता र समस्याहरूलाई बुझेर सुरुवात गरिएको आइएमई आज एउटा सशक्त व्यवसायिक ग्रुपको रुपमा स्थापित भएको छ।



**दिवाकर पौडेल, सिईओ आईएमई**

२५ वर्षको यात्रामा रेमिट्यान्स सेवा एउटा सामान्य कारोबार मात्र रहेन र यो आम नागरिकको जिवनको अभिन्न अङ्ग बनेको छ। नेपालको सामाजिक, आर्थिक रुपान्तरणको प्रमुख कारण बनेको छ। जीवन यापनको मुख्य स्रोत मात्र नभएर यसले नागरिकको शिक्षा, स्वास्थ्य लगायतका गुणस्तरीय जीवन यापनमा समेत प्रत्यक्ष योगदान पुऱ्याएको छ।

वास्तवमा आज रेमिट्यान्स नेपाली अर्थतन्त्रको मेरुदण्ड बन्न पुगेको छ। नागरिकको आय आर्जनको मुख्य श्रोत र अर्थतन्त्रको बलियो खम्बाको रुपमा रहेको रेमिट्यान्सलाई औपचारिक माध्यमबाट नेपाल भित्राउन आइएमईले

प्रस्ट्याए । अध्यक्ष ढकालले आइएमई ग्रुपका कम्पनीहरूले नाफा मात्रै कमाउने कुरामा ध्यान नदिएर आम मानिसले खोजेको सेवा, सरकारले राखेको प्राथमिकता र व्यवसायको रूपमा अघि बढाउन सकिने तीन वटा मूल सिद्धान्तमा केन्द्रित बनेर सफलता हासिल गर्न सम्भव भएको बताए । यिनै तीन वटा मुख्य व्यावसायिक सिद्धान्तमा टेकेर आइएमई ग्रुपले रेमिट्यान्सबाट बैंकिङ, बिमा, पर्यटन, सूचना प्रविधि, जलविद्युत् लगायतका क्षेत्रमा लगानी विस्तारमार्फत हजारौँ गुणस्तरीय रोजगारी सृजना गर्दै समग्र राष्ट्रिय अर्थतन्त्रमा योगदान गरिरहेको पनि संस्थापक अध्यक्ष ढकालले उल्लेख गरे ।

आइएमईका सहसंस्थापक तथा अध्यक्ष हेमराज ढकालले उत्कृष्ट र विस्तारित सेवाहरूको माध्यमबाट आइएमईले आफ्ना ग्राहकहरूको सामाजिक तथा आर्थिक रूपान्तरणमा समर्पित रहने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष ढकालले युवाहरूले सूचना प्रविधि क्षेत्रमा नेपालमै बसेर विदेशमा सेवा निर्यातबाट कमाएको रकम सहजै भित्र्याउन डिजिटल रेमिट्यान्स पूर्वाधार विस्तारमा प्रोत्साहन गर्न राष्ट्र बैंकको सहयोगको अपेक्षा गरेको पनि बताए ।

विदेशमा काम गर्न जाने क्रममा युवाहरूले महँगो ब्याज तिरेर ऋण लिन बाध्य हुनु परिरहेको अवस्थाको अन्त्य गर्न आइएमईमार्फत नै सानो कर्जा दिन सकिने व्यवस्था मिलाउन पनि अध्यक्ष ढकालले राष्ट्र ब्रैंकलाई आग्रह गरे । अध्यक्ष ढकालले २५ वर्षको यात्रामा निरन्तर सहयोग गर्ने सेवाग्राहीहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नियमनकारी निकायहरू, व्यावसायिक साझेदारहरू, कर्मचारीहरू लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक आभारसमेत व्यक्त गरे ।

त्यसैगरी, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले सहकार्य, प्राविधिक उत्कृष्टता, व्यावसायिक नैतिकता तथा साझा मूल्य र मान्यतालाई मुख्य कार्यदिशा बनाई आइएमईले सेवा प्रदान गरिरहेको बताए । प्रविधिमा भएको विकासलाई आत्मसात् गर्दै थप विविधिकृत सेवाहरूको माध्यमबाट आम नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष रूपमा जोडिँदै अघि बढ्ने पनि प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गरे ।

समारोहमा वार्षिकोत्सवको अवसर पारेर आयोजना गरिएको अन्तर कम्पनी खेलकुद तथा विभिन्न प्रतिस्पर्धाका विजेताहरूलाई प्रमाणपत्र, मेडल र ट्रफी प्रदान गरिएको थियो । समारोहमा नेपाल सरकारका मन्त्रीहरू, राजनीतिज्ञहरू, उच्चपदस्थ कर्मचारीहरू, विभिन्न क्षेत्रका विज्ञहरूसहित आइएमई लिमिटेड तथा आइएमई ग्रुपमा आबद्ध कम्पनीहरूका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृतहरू, व्यवस्थापन प्रमुखहरू लगायत कर्मचारीहरूको उत्साहजनक उपस्थिति थियो ।

महत्वपूर्ण योगदान पुऱ्याउदै आएको विश्वास गरेका छौँ । आइएमईले प्रवासी नेपालीहरूको श्रमको मात्र सम्मान गरेको छैन, देशको आर्थिक संवृद्धिमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रवासी नेपालीको मिहिनेतको कमाईलाई सुरक्षित रुपमा परिवारसम्म पुऱ्याउने मात्र नभएर बहुसांख्यीक नेपालीहरूको शिक्षा, स्वास्थ्य तथा गुणस्तरीय जीवन यापनको माध्यम बन्न सफल भएको छ । विदेशको कमाईलाई स्वदेशको समग्र विकासमा जोड्ने एक पुलको रुपमा कार्य गर्न सफल भएका छौँ ।

निरन्तर केहि वर्षदेखि नेपाल सरकारबाट रेमिट्यान्स कम्पनीहरू मध्ये सबैभन्दा बढी कर तिर्ने कम्पनीको रुपमा तथा नेपाल राष्ट्र बैंकबाट समेत सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने कम्पनीको रुपमा सम्मानीत हुनु यसको बलियो प्रमाण हो ।

वास्तवमा आइएमईको यात्रा एउटा कम्पनीको सफलताको कथा मात्र नरहेर समग्र नेपालीको सपना साकार बनाउने, देशभित्रै रोजगारी सृजना गर्ने, स्वाभिमानका साथ आत्मनिर्भर बन्ने यात्राको कथा बनेको छ । आइएमईले आज जुन उचाई प्राप्त गरेको छ त्यो सजिलै हासिल भएको भने पक्कै हैन ।

सुरुवाती समय चुनौतीले भरिएका थिए, व्यवसाय एकदमै न्यून थियो भने नागरिकले सजिलै विश्वास गरिहाल्ने अवस्था पनि थिएन । आजको यस विशेष अवसरमा मैले भन्नै पर्ने हुन्छ २५ वर्ष अगाडि असम्भव जस्तै देखिने बाटो रोजेर सम्भावनाको मार्ग कोर्न कम्पनीका संस्थापक अध्यक्ष चन्द्र प्रसाद ढकाल तथा सहसंस्थापक हेमराज ढकालको नेपालमै बसेर पनि केहि गर्न सकिन्छ, नेपालमै बसेर विश्व जित्न सकिन्छ भन्ने अठोट साच्चै नै प्रेरणादायी रहेको छ ।

उहाँहरूको दुरदर्शी भिजन, अथक मिहिनेत, प्रेरणादायी अभिभावकत्व एवम् रणनितीक नेतृत्वले समस्त चुनौतीहरूलाई अवसरमा बदल्न तथा जिम्मेवारी पूर्वक अघि बढ्न हामीलाई उत्प्रेरित गरिरहेको छ । जसको परिणामस्वरुपनै आज आइएमई एक अलग पहिचान बनाउन सफल भएको हो ।

यो सफलतामा आइएमई मात्र हैन तपाई हामी सबै हिस्सेदार छौँ भन्ने मेरो विश्वास रहेको छ । विश्वभर परिश्रम गरिरहनु भएका नेपालीहरू, व्यवसायिक साझेदारहरू, ग्राहक, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, विभिन्न नियामक निकायहरू तथा सञ्चार माध्यमहरू सबैको विश्वास, साथ, सहयोग र सुभेच्छाले मात्र यो सफलता हाँसिल भएको हो भन्ने मैले बुझेको छु ।

सफलता प्राप्त गर्न जति सजिलो छ, त्यसलाई कायम राख्न झनै गाह्रो छ । पक्कै पनि हामी माझ चुनौतीहरू थपिएका छन्, प्रतिस्पर्धा बढ्दो छ, सेवाग्राहीको अपेक्षा एवम् आवश्यक्ता बदलिएका छन् तर कर्मचारी व्यवस्थापनले यसलाई चुनौती नभएर एक अवसरको रुपमा लिएको पनि म विश्वास दिलाउन चाहान्छु ।

नेतृत्वको मार्गदर्शन तथा बजारको परिवर्तित ट्रेन्डलाई मध्यनजर गर्दै हामीले हाम्रा व्यवसायीक रणनिती तथा योजनाहरूलाई परिमार्जन गर्दै अघि बढ्ने प्रयास गरिरहेका छौ । हामीले प्रवाह गर्ने सेवा सम्पादनहरूलाई सम्भव भएसम्म स्वचालित बनाउने प्रयासमा लागेका छौँ । प्रविधिको उच्चतम प्रयोगको माध्यमबाट डिजिटलाईज रेमिट सेवा, लागत न्यूनिकरण तथा उच्च प्रतिफललाई आफ्नो प्रमुख कार्यदिशा बनाएर कार्य गरिरहेका छौ ।

नेपालको दुरदराजसम्म डिजिटल रेमिट्यान्स सेवाको पहुँच पुऱ्याउने प्रयासमा निरन्तर लागिरहेका छौँ । यस कार्यमा थप क्रियाशील हुन म सम्पुर्ण सहकर्मी साथीरुलाई आग्रह समेत गर्दछु । नेपाल सरकारले डिजिटल अर्थतन्त्र निर्माणका लागि गर्दै आएका प्रयासहरू अत्यन्तै सरहानीय रहेको हामीले अनुभव गर्दै आएका छौँ । यद्यपी नेपालको भौगोलिक कठिनाई, डिजिटल पुर्वाधारको अभाव, वित्तिय साक्षरताको कमी आदिका कारण आज पनि धेरै नागरिकहरू सहज वित्तिय पहुँचभन्दा बाहिर रहेको तथ्याङ्कहरूले देखाई रहेका छन् ।

हाल रोक लगाइएको आन्तरिक रेमिट्यान्स सेवालाई पुन सुचारु गर्न सके नागरिकको जनजिवन सहज हुने मात्र नभई समग्र अर्थतन्त्रलाई चलायमान गराउन महत्वपूर्ण योगदान पुग्नेछ । सरकारलाई तत्काल यो सेवालाई सुचारु गर्न अनुरोध समेत गर्न चाहान्छु । त्यसैगरी रेमिट्यान्स आफैमा सीमित कार्य क्षेत्र भएको सेवा समूहमा पर्दछ । लगानी एवम् पुँजीको आकार बढ्दै जाँदा सीमित कार्य क्षेत्रले लगानी अनुरुपको प्रतिफल दिन सकिरहेको पाईदैन । त्यसैले पुँजी एवम् नेटवर्कका आधारमा सञ्चालनमा रहेका रेमिट्यान्स कम्पनीहरूको वर्गिकरण गरी क्षमता अनुसारको कार्यक्षेत्रको दायरा फराकिलो बनाउदै लैजानु आजको आवश्यक्ता हो भन्ने ठानेको छु । कम्पनीको क्षमता अनुसार कार्यक्षेत्र विस्तार गरि थप सेवा गर्ने अवसर प्राप्त हुनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा आजको दिन केवल बिगतको सफलताको उत्सव मात्र नभएर उज्वल भविष्यको नयाँ संकल्पको सुरुवात पनि बन्ने छ । हामीले पाएका उपलब्धीहरूलाई अझ मजबुत पार्नलाई आगामी वर्षहरूमा नयाँ उचाईहरू चुम्ने दीर्घ अठोटका साथ हामी अगाडि बढ्ने छौ भन्ने विश्वास दिलाउन चाहन्छु ।

# नबिल बैंकको प्रमुख कार्यकारी अधिकृतमा मनोज ज्ञवाली नियुक्त



नबिल बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा मनोज ज्ञवाली नियुक्त भएका छन् । बैंकको समितिको बैठकले ज्ञवालीलाई चार वर्षका लागि सीईओमा नियुक्त गर्ने निर्णय गरेको हो ।

गत चैत १० मा यसअघिका सीईओ ज्ञानेन्द्र प्रसाद ढुङ्गानाले पदबाट राजीनामा दिएपछि सञ्चालक समिति बैठकले बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत रहेकका ज्ञवालीलाई कायम मुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सुम्पिएको थियो ।

नेपाल राष्ट्र बैंकमा समेत काम गरेको अनुभव भएका उनी चार्टर्ड एकाउन्टेन्स समेत हुन । पछिल्लो समय वित्तीय विश्लेषकका रुपमा समेत चर्चित रहेका ज्ञवाली ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृत पद छोडेर नबिल बैंक प्रवेश गरेका थिए ।

ज्ञवाली नबिल बैंकमा नायब महाप्रबन्धक, महाप्रबन्धक, नायब प्रमुख कार्यकारी अधिकृत, कायम मुकायम प्रमुख कार्यकारी अधिकृत हुँदै नबिल बैंकको सीईओ बनेका हुन ।

# बैंकिङ क्षेत्र सुधार सुझाव पेस गर्न तीन सदस्यीय कार्यदल गठन

नेपाल राष्ट्र बैंकले बैंकिङ क्षेत्रको समग्र सुधार र सुदृढीकरणका लागि सुझाव पेस गर्न डा. रेवतबहादुर कार्कीको संयोजकमा एक कार्यदल गठन गरेको छ । कार्यदलमा पूर्वबैंकर भुवनकुमार दाहाल सदस्य छन् ।

यस्तै, नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी तीन सदस्यीय बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल गठन गरिएको हो । कार्यदलको समयावधि एक महिनाको रहनेछ ।

कार्यदललाई बैंकिङ नीति नियमनलाई उदार तर विवेकशील (प्रुडेन्सियल), जोखिममा आधारित प्रभावकारी सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ सेवाको विकासका सम्बन्धमा सुझाव दिन कार्यादेश दिइएको छ ।

यस्तै, आर्थिक गतिविधि पूर्णचलायमान बनाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका, ग्रामीण क्षेत्रमा कर्जा प्रवाहलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदम, बैंक तथा वित्तीय संस्था गाभ्ने र प्राप्ति तथा उक्त कार्यपछिका समस्याको पहिचान तथा समाधानको सुझाव दिन भनिएको छ ।

त्यस्तै, नेपाललाई ग्रे लिष्टबाट हटाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका र पुँजीबजार विकासमा केन्द्रीय बैंकको समन्वयात्मक भूमिकाका सम्बन्धमा सुझाव दिन आग्रह गरिएको गभर्नरको कार्यालयले जनाएको छ ।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# ‘आइएमई पे’ र ‘खल्ती’ मर्जरमा जाँदै, राष्ट्र बैंकद्वारा स्वीकृति प्रदान

डिजिटल भुक्तानी वालेट ‘आइएमई पे’ र ‘खल्ती’ मर्जरमा जाने भएका छन। राष्ट्र बैंकले आइएमई पे र खल्तीलाई मर्जरका लागि अन्तिम कारोबारको स्वीकृति प्रदान गरेको छ।

आइएमई पे र खल्तीको एकीकृत कारोबार पश्चात आधिकारिक रुपमा कम्पनीको नाम ‘आइएमई खल्ती लिमिटेड’ रहने भएको छ भने संयुक्त कारोबार पश्चात अधिकारिक रुपमा एपको नाम खल्ती रहनेछ।

नेपाल राष्ट्र बैंकबाट एकीकृत कारोबारका लागि अन्तिम स्वीकृति पाएसँगै आगामी तीन महिनासम्म प्रयोगकर्ताहरूको समायोजन कार्य तीव्र रुपमा चल्ने कम्पनीले जनाएको छ। जसका लागि दुवै एप, आइएमई पे र खल्ती यथावत रुपमा सञ्चालनमा रहने छन्। दुवै वालेट प्रयोगकर्ताहरूको रकम र रोयल्टी प्वाइन्टहरू, खल्ती प्वाइन्ट र आईएमई पे रिवार्ड प्वाइन्टहरू पनि उल्लेखित समयमा एकीकृत हुनेछन्।

खल्ती र आइएमई पे दुवैमा भएका प्रयोगकर्ताहरू एकै ट्यापमा एपमा एकीकृत हुनेछन् भने आइएमई पे मा मात्र भएका प्रयोगकर्ताहरूको स्वीकृतिमा खल्तीमा समावेश गरिनेछ। नयाँ




प्रयोगकर्ताको हकमा भने प्रयोगकर्ताले सिधै खल्ती एप डाउनलोड गरेर नयाँ फिचरमा प्रवेश गर्न सक्नेछन् र आइएमई पे एपको मात्र प्रयोग गरिरहेका प्रयोगकर्ताले पनि अब खल्ती एपबाट नै सेवा सुविधाको उपयोग गर्न सक्नेछन्।

संयुक्त कारोवार पश्चात एपको नाम खल्ती भएपनि आइएमई पेमा भएका सबै फिचरहरू त्यहाँ समावेश हुनेछन्। अहिलेसम्म आइएमई पेमा रहेका ग्राहक पनि एक ट्यापमै खल्ती एपमा आवद्ध हुन सक्नेछन्। आइएमई पेमा भएका ब्यालेन्स, रिवार्ड प्वाइन्ट सहजै खल्तीमा स्थानान्तरण हुनेछन्। यस कार्यबाट खल्ती एप सहज र सुविधाजनक डिजिटल प्लेटफर्मको रुपमा स्थापित हुने विश्वास लिएको कम्पनीले जनाएको छ।

संयुक्त कारोबार पश्चात यो डिजिटल भुक्तानी प्रणाली आगामी दिनमा व्यापक रूपमा प्रयोग हुने मात्र नभई सबैभन्दा विश्वासिलो भुक्तानी प्रणालीको रुपमा रहने कम्पनीको विश्वास रहेको छ। डिजिटल भुक्तानी विस्तारै दैनिक जीवनको एक हिस्सा बन्दै गरेको वर्तमान समयमा आइएमई पे र खल्तीबीचको संयुक्त कारोबार नेपालको डिजिटल क्षेत्रमा कोशेढुंगा सावित हुने विश्वास रहेको छ।

खल्ती वालेटले आगामी दिनहरूमा प्रयोगकर्ताहरूलाई फिनटेक क्षेत्रमा नयाँ अनुभव प्रदान गर्नेछ। एपमार्फत प्रयोगकर्ताहरूले विश्वको कुनै पनि ठाउँबाट पठाएको रेमिटेन्स सजिलै वालेटमा प्राप्त गर्न सक्नेछन् भने एपमार्फत नै बैंक खाता खोल्न, भिजा कार्ड प्राप्त गर्न सक्नेछन् साथै भविष्यमा ऋण तथा अन्य सुविधाको पहुँच विस्तार पनि खल्ती एप मै हुनेछ। यसरी खल्ती एपले फिनटेक प्रणालीलाई नयाँ र बलियो निर्देशन प्रदान गर्ने विश्वास कम्पनीले लिएको छ।

काठमाडौं, भक्तपुर र ललितपुरका
जोन क्षेत्रमा तरकारी, आलु र दुध उत्पादन बढाउन
व्यवसायिक र आधुनिक कृषिमा लगानी बढाऔं
समृद्ध र समुनत समाजको विकास गरौं।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**

## एनसेल 'सधैं अन करोडपति' योजना

# बम्परमा एक करोड नगद, हरेक हप्ता १० लाख पुरस्कार

एनसेलले आफ्ना ग्राहकका लागि 'सधैं अन करोडपति' योजना सञ्चालनमा ल्याएको छ। जसअन्तर्गत ग्राहकहरूले १ करोड रुपैयाँको बम्पर नगद पुरस्कार जित्ने मौका पाउनेछन्। यस्तै योजना अनुसार हरेक हप्ता १० जना भाग्यशाली ग्राहकले जनही १ लाख रुपैयाँ नगर पुरस्कार जित्नेछन्। यो साप्ताहिक नगद पुरस्कार १२ हप्तासम्म जारी रहनेछ। साथै, यो योजनामा सहभागी हुने प्रत्येक ग्राहकले डेटा, भ्वाइस वा डिजिटल सेवालगायत विभिन्न सेवा बोनसस्वरुप प्राप्त गर्दछन्, जसले गर्दा यो योजना सबैका लागि हात खालि नजाने योजना बनेको छ।

'सधैं अन करोडपति' योजना असार १ गतेदेखि लागू भएर १२ हप्तासम्म सञ्चालन हुनेछ। यो योजनामा सहभागी हुन ग्राहकहरूले कम्तीमा ९९ रुपैयाँ वा योभन्दा माथिको कुनै पनि एनसेल सेवा–जस्तै नयाँ सिम, डेटा प्याक, भ्वाइस प्याक, एसएमएस प्याक, रोमिङ प्याक वा कम्बो प्याक लिनु पर्दछ। यो योजना आइतबारदेखि शनिबारसम्मको साप्ताहिक चक्रअनुसार सञ्चालन हुनेछ।

"यो मनसुनमा, एक दशकभन्दा लामो समयपछि हामीले यति ठूलो योजना सञ्चालनमा ल्याएका छौं। सबैलाई सधैं सहज, सुलभ सेवामार्फत जोडी राख्ने हाम्रो प्रतिबद्धता बमोजिम, हामी हाम्रो 'सधैं अन' पहल अन्तर्गत यो योजना सञ्चालन गर्न पाएकोमा धेरै उत्साहित छौं। १ करोड रुपैयाँको नगद बम्पर पुरस्कारदेखि सहभागी सबैलाई केही न केही बोनसको व्यवस्था रहेकोले योजना विशेष बनेको छ," एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले भने।




ग्राहकहरूले ८१२३३ डायल गरी, नजिकको आधिकारिक खुद्रा बिक्रेता वा एनसेल सेन्टरमा गई अथवा एनसेल एप, एनसेल वेबसाइटमार्फत एनसेल सेवाहरू लिन सक्छन्। त्यसैगरी, एनसेल रिचार्ज तथा प्याक खरिद समर्थन गर्ने नेपालमा दर्ता भएका कुनै पनि डिजिटल वालेट वा बैंक प्लेटफर्ममार्फत एनसेल सेवा लिन सकिन्छ। हरेक ९९ रुपैयाँ बराबरको सेवा खरिद गर्दा ग्राहकले योजनाको १ वटा टिकट प्राप्त गर्नेछन्। यदि ग्राहकहरूले ४९९ रुपैयाँ बराबरको सेवा खरिद गर्छन् भने, उनीहरूले ५ वटा टिकट प्राप्त गर्नेछन्। यसको मतलब प्याकको मूल्य जति बढी भयो जित्ने सम्भावना पनि त्यत्तिकै बढी हुन्छ। ग्राहकहरूलाई सेवा खरिद पश्चात उनीहरूले पाएको आफ्नो टिकट हेर्न सकिने लिंक तुरुन्तै एसएमएसमार्फत पठाइनेछ। एनसेल एपमार्फत, ८९९९९३३ डायल गरेर, वा चालु हप्ताका लागि १ र सम्पूर्ण योजना अवधिका लागि २ टाइप गरी ९९९९ मा एसएमएस पठाएर आफूले पाएका टिकटहरू हेर्न सक्ने व्यवस्था गरिएको छ।

यस योजनाको अर्को विशेषता भनेको रिन्यूअल वा रोमिङ सेवा खरिद गर्दा ग्राहकले नगद पुरस्कार जित्ने दोब्बर मौका प्राप्त गर्ने हो। उदाहरणका लागि, सामान्य रूपमा ९९ रुपैयाँको सेवा वा प्याक खरिद गर्दा १ वटा टिकट प्राप्त हुन्छ, तर यदि त्यो सेवा रिन्यूअल वा रोमिङ हो भने ग्राहकले २ वटा टिकटहरू प्राप्त गर्दछन्। कुनैपनि नेपाली बैंकमा खाता र प्यान नम्बर भएका सबै प्रिपेड, पोस्टपेड र वायर-फ्री ग्राहकहरू यस योजनामा सहभागी हुन योग्य छन्। पोस्टपेड प्रयोगकर्ताहरूले मासिक रूपमा सक्रिय रहेर वा नयाँ पोस्टपेड सिम खरिद गरेर सहभागी हुन सक्नेछन्। हरेक रिन्यूअलमा टिकटहरू स्वचालित रूपमा जारी हुन्छन्।

योजना अवधिभर प्रत्येक आइतबार साँझ ६:३० देखि ७ बजे एनसेल युट्युब च्यानल, एनसेल एप र कान्तिपुर टिभीमार्फत प्रसारण हुने कार्यक्रममार्फत नगद पुरस्कार विजेताहरू घोषणा गरिनेछन्। नगद पुरस्कार हस्तान्तरण प्रक्रियाका लागि एनसेलले विजेताहरूलाई सिधैं सम्पर्क गर्नेछ। थप जानकारीका लागि ग्राहकहरूले ९९९९ डायल गर्न सक्छन् वा नजिकको एनसेल सेन्टरमा जान सक्छन्।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा देशको १० स्थानमा शाखा विस्तार

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको विभिन्न १० स्थानमा शाखा विस्तार गरी कारोबार शुभारम्भ गरेको छ।

धनुषाको नगराईन, स्याङ्जाको बयरघारी, कञ्चनपुरको झलारी, कैलालीको टिकापुर र सुख्खड, काठमाडौंको कपन, रुपन्देहीको सैनामैना, दाङको देउखुरी, गोरखाको पालुङटार र सर्लाहीको हरिवनमा शाखा कार्यालयहरू विस्तार गरी बैंकले कारोबार शुभारम्भ गरेको हो।

यसपछि बैंकको शाखा कार्यालयहरूको संख्या ३०७ पुगेको छ भने ३१२ वटा एटिएम र ७३ वटा एक्स्टेन्सन काउन्टर रहेको छ।



# नयाँ सन्तान

**अलग भाषा, धर्म, संस्कार र रहनसहन भएकैले यी पाँचवटा भुरा एकै ठाउँमा बसेर नखेलेका होलान्। एउटै भाषा बोल्ने भएका भए– 'यस्तो पर–पर भएर भुरा खेल्ने थिएनन् कि ?' नयाँ सन्तान देखेर आमाले मनमा कुरा खेलाइरहिन्।**



युवराज नयाँघरे

आँगनमा खेलिरहेका छन्- पाँचवटा भुरा।

घरको बरन्डाबाट हेरिरहेकी बूढी आमाले ती पाँचै अनुहारलाई निहालिरहेकी छन्। फरक आनीबानी र भिन्न व्यवहारका छन् ती भुराहरू।

छ-आठ महिनाको फरकमा जन्मेका हुनुपर्छ यी भुराहरू। तर खासै फरक देखिन्न उनीहरूको उमेर।

एकै उमेर- वर्ष, साल, महिनाका देखिन्छन्।

जेठाले मलेसिया बस्दा उतैकी केटी बिहे गऱ्यो। जेठाका दुई सन्तान भए। यो खेलिरहेको नाति हो।

ऊ आफ्नै तालमा खेलिरहेको छ। उसको नाम हो- जेर्लिन।

हजुरआमाले माया गरेर बोलाउँछिन्- 'जेरी जेरी।'

'ए जेरी यता हेर्न हौ।'

'तँ कुरै बुझ्दैनस्। तेरो देशमा नगै कसरी भाषा सिक्ने हो तैँले। तेरा खेल्ने पनि धेरै साथी छन्। तैपनि तँ एक्लै छस्।'

निकै पटक बोलाएपछि ऊ बल्लतल्ल पुलुक्क हेर्छ। फेरि आफ्नै तालमा खेलिरहेको छ। दुई-तीनवटा फूलका गुच्छा र बिरुवाका हरिया पात बटुलेर ऊ रमाइरहेको छ मस्तले।

आँगनको पश्चिमपट्टि काठपात थुपारिएको छ। त्यसमै खेल्दै छ, माइला छोराको अर्को चकचके छोरो।

सात वर्ष अगाडि छोरो स्पेन गएको थियो। निकै वर्ष ऊ सम्पर्कमा आएन। केहीपछि एक्कासि बुहारी लिएर छोरो आँगनमा टुप्लुकियो।

आमा त छक्कै परिन्।

'माइला यो के हो नि- तेरी केटी साथी हो कि !'

'अहिले त स्वास्नी भई नि आमा। केही अघिसम्म साथी थिई। उसकै आडभरोसाले त म त्यो देशमा बस्न सकेँ।'

त्यही माइलो छोराको यो सन्तान अहिले खेलिरहेको छ।

दाउराका टुक्राटुक्रीमा खेल्दै, रमाउँदै गरेको देख्दा बूढी दंग परेकी छन्।

उसलाई पनि निकै खेप बोलाइन्।

'लुकासे। एई लुकासे। यता हेर् त। खाली एउटा दाउराको चोइटो यता र उता फ्याँकेर अल्मलिएको छ। मेरो कुरा सुन न नाति केटा।'

'यसले यही छेस्काछेस्की खेलेरै पो आफूलाई हुर्काउने भो कि कसो। अरु बोलचाल छैन।'

आमा सत्तरी नाघिसकिन्।

भान्सामा रोटी पकाएर खाइन्। जाउलो पकाएर ल्याइन्। कसैले खान मन गरेनन्।

साइँलो छोरो निकै सोझो थियो। ऊ दश वर्ष अघि नै कोरिया गएथ्यो। उसले पनि उतैकी केटी बिहे गऱ्यो।

'अनि केटी त हाम्रै पल्लो गाउँकी गुरुङ्नी जस्ती छ त।'

बुहारी हेर्दै आमा बोलिन्।

गाउँलेले जिस्काए- 'अब नातिनातिना झन् रहरलाग्दा जन्मिन्छन् नि बज्यै।'

'कुन्नि है। भगवानका पर्साद जे-जे होलान्- होलान्।'

बूढी आमाका कुराले सबै खितखित हाँसे।

कोरियाली बुहारीबाट जन्मेको नातिको नाम पनि अलिक अप्ठेरै छ र ऊ त झन् फर्केर हेर्दा पनि हेर्दैन।

नातिको नाम छोराबुहारीले राख्नै पाएनन् रे। उतैका सम्धी- सम्धिनीले हतारिएर राखेका हुन् भन्थ्यो छोराले।

डु युन नाम रहेछ नातिको।

आमाले छोट्याएर बोलाउँथिन्- 'डुले।'

नेपालीमा 'ले' थपेर बोलाएकैले हो कि 'डु' ले आफ्नो नाम काढेको पत्तै पाएन। ऊ बोलाएको बुझ्दैनथ्यो शायद।

आमाले साइँला छोरालाई भनिन् पनि।

'ए छोरा, तेरो सन्तान त मैले डाकेको पनि ख्याल गर्दैन। कानै नसुन्ने त होइन होला नि। कि हाम्ले बोलेको पत्तो नै पाउँदैन त्यसले।'

'तँ बाबु भएर ख्याल कत्तिको ख्याल गरेको छस् नि। विचार गरेस् है।'

आमाका कुरा साँइलो छोराले सुनिरह्यो।

अलि-अलि टाउको हल्लायो। आमाको चिन्तालाई आफ्नो मनमा लगेर विचार पनि गऱ्यो।

'आमा, धेरै कुरा छ तपाईंको नातिले तपाईंतिर नहेरेकोमा।'

उसले आफैँ उत्तर दियो आफ्नो मनसँग।

काइँलो छोरो अलि रोगी थियो।

'त्यो छोरो विदेश नजाओस्। यै घरखेत सम्हालेर बसोस्। मेरो साथी पनि त चाहियो नि। सबै गएपछि म एक्लै भइहाल्छु नि।'

तर बूढी आमाको कुरा कसले सुन्ने। उनले एक दुई पटक त मुखै खोलेर भनिन् पनि। तर कसले सुन्ने उनका कुराको मर्म र अर्थ।

एकदिन साँझपख त्यै काइँलो छोराले भन्यो- 'आमा, म त माल्टा जाने भएँ। भिसा हात परोस् अनि भनुँला भनेर कुरिबसेथेँ। म त अर्को महिना उड्ने भएँ है आमा। पीर नगर्नु नि अब।'

'अलिकति कागजातको काम छ काठमाडौँमा। म भोलि नै काठमाडौँ जान्छु। अनि उतैबाट उड्छु।'

छोरो यति भनेर गइहाल्यो काठमाडौँतिर।

त्यसको अर्को महिना ऊ माल्टा भन्ने देश पुगेको खबर आयो। आफ्ना बाबु-बराजे कोही पनि नपुगेको देशमा छोरो पुग्दा बूढी आमाको मन एकातिर रमायो।

अर्कोतिर पीर र चिन्ताले थला पाऱ्यो। उनी एक्लो भयो कि छरछिमेकीलाई सोध्थिइन्- 'कुन दिशामा पर्छ अन्तरेकी आमा यो माल्टा भन्ने देश ?'

'खै दिदी, आँगनै परदेश भएर मलाई के थाहा-पत्तो हुनु।'

'मभन्दा तिम्ले त अलिक बढ्तै जानिकुझेकी छौ। लौन वरपर कतै गएर भए पनि बुझ्नुपऱ्यो। काइँलो छोरो गएको यत्तिका मैना भो। कुनै खोजखबर छैन। के पो गर्ने होला।'

आमैले अरु पनि थपिन्- 'उडेर जाऊँ पखेटा छैन। हिँडेर जाउँ, पुगेर कहिले पो भेटिएला त्यो देश।'

तर चार वर्षपछि पानी पर्दापर्दा थामिएको असारको उज्यालो दिन थियो। त्यही दिन ऊ आँगनमा टुप्लुकियो।

'आमा, को छ घरमा ?'

एक्कासि काइँला छोराको स्वर सुनेर आमा घरभित्रबाट अत्तालिएर हुर्दुराउँदै बाहिर आइन्।

आँगनमा छोराको सशरीर उपस्थिति देखेर एकछिन त बोल्नै सकिनन्। उनी अकमक्क भइन्।

उनले छोरालाई समातेर घरभित्र लगिन्। त्यसपछि उनले गुनासो गरिन्- 'हेर् काइँला, तँ चै साह्रै ढुंगाकै मन भाको रैछस्।'

'किन आमा ?'

'तैँले गएदेखि मलाई एकचोटि फुन नि किन नगरेको ? तँलाई मेरो याद आएन ? तँलाई मेरो सम्झना नि नआएकै हो त ?'

काइँलो छोराले सम्झायो आमालाई- 'त्यसो होइन आमा। सम्झना नआउने त कुरै हुँदैन। म तपाईंको सबै खबर बुझिरहेकै थिएँ। सन्चो बिसन्चो थाहा पाइरहेकै थिएँ।'

'उही कुरो नभाको मात्रै हो। बोल्न थाल्दा तपाईंको आँखामा आँसु आउने सोच्थेँ। त्यो हेर्नु नपरोस् भनेर फुन कम गर्थेँ। तर अरु सूचना भाइसँग लिइरहेको हुन्थेँ।'

त्यही काइँलो छोराले माल्टामा सँगै बस्ने रसियाली मूलकी केटीलाई दुलही बनाएछ। अस्ति भखरै घुतुमुने छोरो बोकेर छोरा-बुहारी र नाति पनि आए।

अहिले त्यही नाति फूलबारीका चरा हेरेर दंग परेर खेलिरहेको छ। रोनाल्डो नाम भए पनि आमाले बोलाउने एउटा नाम छ- 'एइ रोनाले।'

आमैको त्यो रोनाले उसको नातिले कहिले बुझेन।

उनी गुनासो सुनाइरहेकी हुन्छिन्- 'तेरो छोराले मेरो कुरो नि नबुझेको होला त।'

आमैको कान्छो छोराको छोरो पनि पिँढीमै खेलिरहेको छ। ऊ झन् एकलकाँटे छ। कान्छो छोरो पनि भारतको तमिलनाडुको एउटा फ्याक्ट्रीमा गएर पछि लामै समय हराएथ्यो।

तर फुनमा आमासँग बोली रहन्थ्यो।

दशैँ छेक उसले त्यतैकी केटी लिएर आमा सामु निहुरिएर भन्यो- 'यी बुहारी हुन आमा। मैले त मन पराएँ। अब तपाईंले पनि मन पराएर यो केटीलाई हाम्रो घरमा भित्र्याउनुस्।'

तर अहिले नाति केटो अँगालोमा आएपछि सबै गुनासो मेटिएको छ उनको।

कान्छाको छोरो पनि उसकै तालमा खेलिरहेको छ। ऊ कसैसँग नजिकिएको छैन।

अलग भाषा, धर्म, संस्कार र रहनसहन भएकैले यी पाँचवटा भुरा एकै ठाउँमा बसेर नखेलेका होलान्।

एउटै भाषा बोल्ने भएका भए- 'यस्तो पर-पर भएर भुरा खेल्ने थिएनन् कि ?'

नयाँ सन्तान देखेर आमाले मनमा कुरा खेलाइरहिन्।


## बेलबारी नगरपालिकाको अनुरोध

- आफनो आम्दानीको वैद्यता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

**बेलबारी नगरपालिका**
मोरङ, कोशी प्रदेश, नेपाल

# तेह्रदिने तपस्यापछि

**विपष्यनाबाटै गौतम बुद्धले ३ ओटा कुरा भनेका थिए– दुःख छ, दुःखको कारण छ र निवारण पनि छ। इच्छा, चाहना, अनिच्छा, लोभ, मोह, तेरो मेरो आदि सबै दुःखको कारण हो। र जे हुन्छ जे आइलाग्छ यी सबै अनित्य छन्, परिवर्तनशील छन्, स्थायी केही हुँदैन न जीवन न दुःखसुख। सधैँ दुःख वा सुख एउटा मात्र हुँदैन भन्ने कुरा बुझेका दिन दुःखको निवारण पनि भेटिन्छ।**



शम्भु सुस्केरा

मौन बस्छु भनेर सबथोक बन्द गर्नासाथ आनन्द, सकारात्मक भाइब्स र हल्कापन महसुश हुन थालेको थियो।

जेठ १८ गते बिहानको खानापछि मौनता अँगालेँ।

ध्यान गर्न बसेको सुतौँ लाग्यो। सवासनमा गएको निदाएछु।

बाबा सुतेको कि ध्यान हो। सुशानको ब्यङ्ग्य थियो। उठेर सकासन गरेँ फेरि निदाएछु। मनले भन्यो आजचैँ सुतेरै बिताउँ कि क्या हो। तर सुतिनँ। उठेर लेख्न थालेँ।

मेरो एउटा निश्चित कोठा, समयमा खाना, खाजा पानी र केही परे आमा छोराले एकतर्फी बोल्ने। मैले बोल्ने अह्राउने केही हुँदैन। कसैले मसँग फोनमा संवाद गर्न खोजे नदिनु। आकस्मिक केही रहेछ भने जानकारी लिनु र त्यसको संवेदनशीलता र कर्तव्य आफैँ मूल्यांकन गरेर भन्न मन लागे भन्नु नभए नभन्नु।

राप्रपाले राजा ल्याउने आन्दोलन गर्दै थियो, प्रतिपक्षीले संसद अवरुद्ध गर्दै थिए। यी र यस्ता समाचार मलाई केही नसुनाउनु, परिवारमा अनुरोध।

अस्ति फेसबुकमा हालेको भिडियोमा कति भ्युज गयो होला, अर्को कविताको भिडियोमा कस्तो कमेण्ट आयो होला, म केही दिन सम्पर्क बिच्छेद हुन्छु है भनेको स्टाटसमा के कस्ता प्रतिक्रिया आए होला, पहिलो दिन नै छटपटि भयो।

मलाई बारम्बार फोन गरिरहने साथिहरूलाई पनि छटपटि भयो कि ? मनले भन्यो।

११ कक्षाको परीक्षा चलिरहेको थियो, पढाइभन्दा मोबाइल धेरै प्रयोग गरेको देखेर सुशानको फोन चाहिँदा मात्र चलाउने सर्तमा जफत गरेको थिएँ। खुशी त थिएन तर परीक्षा सकेपछि चाहिँ दिनु है भनेर सर्त गर्‍यो।

हातबाट मोबाइल फुत्केपछि सधैजति खाना खाएन, रुचेन रे। मोबाइलले त्यति दुर्व्यसनी बनाएको रहेछ।

मेरो छटपटी उसको भन्दा कम थिएन दोस्रो दिनमै।

पूर्ण विपश्यना बिधि नअपनाई शरीरको आवश्यकता अनुसार योग, प्राणायम र ध्यान गर्ने निधो गरेँ। ध्यानमा सत्यनारायण गोयन्काको स्पिच सुन्न थालेपछि बिपश्यना केन्द्रमै भएको आभास भयो र सहज पनि।

ध्यान बसेपछि नै आउँछ नयाँ आइडियाहरू, समस्याका समाधान, साहित्यका विषयहरू।

जुन विषय र तनाबबाट केहि दिन भए पनि टाढा रहन खोजेको त्यही विषयहरू अटेसमटेस गरेर आइरहे। व्यक्ति र पार्टी हेरेर निर्णय गर्ने भ्रष्ट न्यायालय, भ्रष्ट राजनीति र समाज, एकपक्षिय पत्रकारिता गर्नेहरू बिरुद्ध जति बोले पनि पुगेको छैन। सामाजिक सञ्जालमार्फत नै किन नहोस् यिनको व्यापक भण्डाफोर गर्नुपर्छ। न्यायालय खारेज गरी पुर्नसंरचना गर, न्यायालयकै केही सच्चा मानिसहरूमा भ्रष्टहरूका कारण बदनामी महसुश भइरहेको छ भने जनताले न्याय नपाउने वा अन्याय गर्ने कुरा त ठेलीका ठेली छन्।

हालसम्मका सबै भ्रष्टाचार छानविन गर, अफ्ताव आलमलाई निर्दोष सावित गर्ने न्यायाधीशहरूलाई बरखास्त गरी छानविन गर, सबै सहकारी पीडितलाई न्याय दे, सहकारी ठगिमा प्रत्यक्ष संलग्न भएकालाई बाहिर राखेर एउटा व्यक्ति थुन्नेहरू भ्रष्ट हुन्।

नेपालमा ७२ घण्टासम्म भारतीय सवारी साधन चलाउन पाउने नेपालीले १२ मिनेट पनि भारतमा कुदाउन नपाउने विषयमा काकरभिट्टा नाकामा बिरोध गरिरहेको थिएँ।

बैठक चलिरहेका बेला संसद भवनमै छिरेर दर्शक दीर्घाबाट प्लेकार्ड देखाउँदै नाराबाजी गर्न थालेपछि प्रहरीले समातेको थियो त्यसपछि पुनः आनापानामै फर्किएँ।

२०७२ सालको नाकाबन्दीकै बेला मेरो दोस्रो कृति कथा संग्रह सरोगेट लोग्ने बिमोचन गरेको थिएँ। इन्धनको अभावमा यातायातका साधन नहुँदा पनि साथीभाइहरूले साथ दिएका थिए। टाढाटाढाबाट हिँडेर भृकुटी मण्डपको पुस्तक प्रदर्शनीमा आएका थिए। कतिपय दृष्टिबिहिन साहित्य अनुरागीहरू सेतो छडी टेकेरै आएको देखेर भावुक बनेको थिएँ।

त्यसपछि भने कथाको दोस्रो संस्करण आउन सकेन । अर्को नयाँ पुस्तक पनि आएन । त्यसैले एउटा उपन्यास त पस्किन्छु नै भनेर फेसबुकमा स्टाटस पनि लेखेको थिएँ एकवर्ष अगि नै । लेख्न थालेको थिएँ मेलो चलेको थिएन । एकान्त वातावरण र समयको अपर्याप्तता नै बाधक बनेको थियो । तसर्थ ध्यानसँगै सिर्जना मेरो प्रमुख उद्देश्य थियो ।

ध्यानमा बस्दाबस्दै नसोचेका प्लटहरू, चित्तबुझ्दो कथा र दृष्य संयोजन भइरहे । जब ध्यान र लेखन दुबैमा सिथिलता आउँथ्यो योगनिन्द्राको सहारा लिने गर्दथेँ ।

पुस्तक अध्ययन पनि रुटिनमै थियो । ०८१ सालमै किनेर पनि पढ्न नभ्याएको कृष्ण पोखरेलको "फर्केर हेर्दा" योगी नरहरिनाथको "वैदिक साम्यवाद" पढेँ । अब्राहम लिङ्कन दोहोऱ्याएँ, २०७१ सालमै पढिसकेको रामेश कोइरालाको "कोपिला आश्रम" दोहोऱ्याएँ । पढ्दै गर्दा लाग्यो स्मरण शक्तिमा सुधार आइरहेको छ ।

संसारमा के हुँदैछ थाहा पाएर पो के हुनेरहेछ र, थाहा नपाउँदैमा के बिग्रिएको छ । न फोन न सामाजिक सञ्जाल, न निरस समाचार, मनै हलुका जस्तो, तनाव नै कम भए जस्तो भारी बिसाएको जस्तो छरितो छरितो ।

फोन त बोक्नै नपरोस, सामाजिक सञ्जाल हेर्नै नपरोस् । संसारभरि एकसाथ भताभुङ्ग भइजाओस्, यस्तो (कु)बिचार पो आयो मनमा । सधैँका लागि बन्द नभए पनि हप्तामा ६ दिनचाहिँ बन्द भएर एक दिन मात्र खुल्ने नियम बनोस् जस्तो ।

हातमा मोबाइल छैन । परीक्षा सकियो, किताब पढ्न मन छैन । के गर्नु, काम खोज्न जान्छु भनेर निस्केको रे सुशान । १६ वर्षे केटो के काम खोज्थ्यो हातमा मोबाइल नभएपछि सिर्जनात्मक बिचारले ठाउँ लिएको होला ।

हिँड्दै जाँदा बिना गन्तव्य दुई घण्टा भन्दा बढी हिँडेछ । फर्किनेबेला गोजिमा पर्स छैन । बोक्नै बिर्सेछ वा निस्कँदा आवश्यकता महसुश गरेन । फर्किँदा एकसाथ यतिलामो बाटो कसरी हिँडेर घर जाने ? एउटी बूढी आमा आँखामा परिछन् । घर र मावलकी हजुरआमाहरू सम्झिएछ । हजुरआमाहरूको माया र उहाँहरूले दिएको पैसा सम्झिएछ ।

तिनै आमासँग घर जाने भाडा मागौँ जस्तो लाग्यो रे ।

उसको विवेकले भनेछ उनी मेरो हजुरआमा त होइन । के भन्ने हुन्, आफूसँगै पैसा नभएर अरुसँग माग्न थालिन् भने ? यस्तो सोचेर हिँडेछ लुरुलुरु, जाँदा आउँदा जम्मा ४ घण्टा ।

प्रविधि र पैसा नहुँदा उभित्र आएको बिचार र अनुभव सम्पतिको रुपमा सुरक्षित रहनेछ कहिल्यै नमासिने गरी । प्रविधि सुविधा त हो तर यसको अधिक प्रयोग वा दुर्व्यसनले व्यक्तिभित्रको आँट, साहस र सिर्जनसिलता मारिदिने हत्यारा पनि हो ।

अरुका आविश्कारमा मात्र रमाउने कि आफ्ना अनुभवलाई आविश्कारमा रुपान्तरण गर्ने ? तुलना गर्नु आवश्यक छ ।

मौनता, ध्यान, साधना र लेखनीको दशौँ दिनमा आइपुग्दा अब आधुनिकता, मोबाइल र सामाजिक सञ्जालको दास हुनु नपरे पनि हुन्थ्यो जस्तो लाग्यो । डिजिटल दास नहुँदा के-के गुमाउँछु हिसाब लगाएँ । केही गुमाउँछु होला जस्तो लागेन । छिनछिनमा अपडेट घेरैसँग सम्पर्क र संवाद नहुँदा बिग्रिने के छ र, के बिग्रिएको थियो र यो नहुँदा । मसँग किताब हुनेछ परबाट हेर्ने र सुनेर संसार थाहा पाउने रेडियो टिभी हुनेछन् । यो १० दिनमा केही छुट्यो ? मैले थाहा नपाएर मलाई केही नोक्सान भयो होला भन्ने देखिएन । बरु यसले चोरेको समय फिर्ता आएको छ । यसले हत्या गरेको मेरो सिर्जनात्मक क्षमता फेरि बौरिएको छ ।

फेरि त्यही समयमा फर्किन पाए ? पुस्तक र अक्षरहरूको समयमा पुग्न पाए ? तर कुनै दिन यस्तो आउनेछ धेरै मानिस पछाडि फर्किनेछन् जसरी आज खानपान र जीवनशैलीको आधा हिस्सा पछाडि फर्किँदैछ ।

नभए एक्लै फर्किइनेछ, सायद ।

आफैँले आफैँलाई डिस्टर्ब पनि गरेँ केही पटक ।

दोस्रो दिन टेबलमा राखेको मेरो ल्यापटप अन भएको देखेँ । ल्यापटप अन गर्दा त केही हुन्थेन वाइफाई अन गरेपछि अनलाइन देखिन्छु साथीभाइका कल म्यासेज आउँछन् रेस्पोन्स नगरेझैँ हुन्छ । किन खोलेको भनेर सुशानलाई हातले ईशारा गरेँ । त्यहीबेला ममीचाहिँ मोबाइल लिएर शेयर अनलाईन कारोबारको लगइन गरिदिनु भन्दै आउनुभयो । कस्को गरिदिने आमाको की छोराको ?

जति इशारा गरे पनि नबुझ्ने । संकेत गर्दागर्दै मुख बोलिहाल्यो ।

२० गते तेस्रो दिन, छिमेकीले हेलो गरे भने हाइ गर्नैपर्छ मौनता नतोडियोस् भनेर छत वा बार्दलीमा समेत गएको छैन । जानै मन लागे दिउँसो सबै काममा गएका बेला जाउँला भन्ने छ । सर धेरैपछि देखिनु भयो कहिले आउनुभयो ? माथिल्लो तलामा बस्ने भाइबाट बच्न सकिनँ । मुलढोका खोलेर भान्सातिर जानलाग्दा जम्काभेट भयो । एकवाक्य छोटो जवाफ र मुस्कान दिएर भित्र छिरेँ ।

२४ गते शनिबार साढे ४ बजे नै शारदा योगतिर जानुभयो । म अलि ढिलो भएँछु । सुशान पनि सुतिरेहको रहेछ । संकेतले उठाएँ । टाउको दुखिराछ भन्यो । राति सुत्नेबेला फूटबल गेम हेर्छु भनेर मोबाइल मागेर लगेको थियो । रातभर फूटबल हेरेको होला, आज त पशुपतिमा संस्कार शिक्षामा पनि जानु छ । फुत्तै मुखबाट आवाज निस्किँदा पो झसङ्ग भएँ ६ दिनदेखिको मौन साधना तोडेकोमा ।

मौनताको अन्तिम दिन, भोलिदेखि त बोल्नु पर्छ, कराउनुपर्छ, हतार गर्नुपर्छ सबथोकमा, बेफुर्सदी आइलाग्छ, वादविवाद, बहस, असन्तुष्टी, गुनासा, परिश्रम अनेकअनेक ।

विपष्यनाबाटै गौतम बुद्धले ३ ओटा कुरा भनेका थिए- दुःख छ, दुःखको कारण छ र निवारण पनि छ ।

इच्छा, चाहना, अनिच्छा, लोभ, मोह, तेरो मेरो आदि सबै दुःखको कारण हो । र जे हुन्छ जे आइलाग्छ यी सबै अनित्य छन्, परिवर्तनशील छन्, स्थायी केही हुँदैन न जीवन न दुःखसुख ।

सधैँ दुःख वा सुख एउटा मात्र हुँदैन भन्ने कुरा बुझेका दिन दुःखको निवारण पनि भेटिन्छ ।

सायद यत्ति हो बुद्धले तपस्याबाट पाएको र संसारलाई बताएको ।

हाम्रा हरेक दिनचर्या सुख वा दुःख, रुचि वा अरुचि सबै अनित्य छन्, चर्खाझैँ घुमिरहन्छन् । पढेर होइन अनुभवले थाहा पाउँ । यही होला ध्यान ।




रोजगार
एनआरएन
अर्थ
लगायतका
गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com



गीता पाण्डे, गायिका

# ‘मेरो सांगीतिक यात्राकै एउटा विशिष्ट अवसर’



• हरिराम पौडेल

*मेरो पुण्य मुटु*
*तिम्रै लागि होइन*
*टेकी दिए पुग्ने*
*छेकी दिए पुग्ने...*

मुटु शरिरको एउटा महत्वपूर्ण अंग त हो नै, मुटु अर्थात हृदय आँफैमा पुण्य पनि हुन्छ, मुटु पवित्र हुन्छ, मुटु स्वच्छ हुन्छ अनि मुटु असाध्यै कोमल हुन्छ। यहि मुटुले गहिरो माया, भावना, करुणा अनि समर्पण भाव उब्जाउँछ। मेरो यति पुण्य अनि कोमल मुटुको अवमूल्यन भएको म कसरी सहन सक्छु ? मेरो पुण्य मुटु तिनका लागि होइन जसले मेरो पुण्य मुटुको पवित्र भावना र मायालाई सस्तो रूपमा लिएको छ। मेरो पुण्य मुटु आफ्नो इच्छा मुताविक प्रयोग गरिने चिज हुदै होइन।

यी संक्षिप्त गीति हरफहरूमा प्रेममा परेको व्यक्तिको गहिरो पीडा संगै निराशा झल्काउने भाव पाइन्छ। आफ्नो पुण्य मुटु अर्थात् पवित्र हृदयलाई निष्कलंक भावले कसैप्रति समर्पण गरिएको थियो तर त्यो समर्पण यहाँ व्यर्थ भएको छ। पुण्य शब्द आफैंमा पुण्य हो जहाँ मुटु अर्थात हृदयको गहिरो भावनात्मक मूल्य, निष्कलङ्क माया र श्रद्धाभाव जनाउँछ। पुण्य मुटुको माया त्यस्तो माया हो जहाँ कुनै पनि खालको स्वार्थको थोरै पनि गन्ध छैन, जहाँ मात्र शुद्ध र पवित्र भावना छ। तर त्यस मायाको बदलामा उसले पुण्य मुटुको मायालाई सस्तो रूपमा लिएको छ, त्यो पुण्य मुटुलाई ‘टेकी दिए पुग्ने, छेकी दिए पुग्ने’ आफ्नो अनुकुलता अनुसार प्रयोगजन्य बस्तुको रुपमा लिएको छ, जब आवश्यक लाग्यो तब उपयोग गरिने र इच्छा नभएको बेला सजिलै छेकिने वा बेवास्ता गरिने वस्तु जस्तो व्यवहार उसले पुण्य मुटुलाई गरेको छ। जसले उनलाई गहिरो मानसिक पिडाबोध भएको छ, आँफूलाई मूल्यहीन महशुष गरिएको छ जहाँ अरुको नजरको कुनै अर्थ राख्दैन। आफ्नो गहिरो प्रेमको अपमानको महशुष गरिएको छ। आफ्नो माया र समर्पण भावको अवमूल्यन भएको महशुष गरिएको छ।

गीतमा आफ्नो मुटु ढुङ्गाको भगवान

नभएको भाव गीतकारले पोखेका छन् । उनको मुटु कठोर छैन, भावनाविहिन छैन भन्ने एउटा भाव गीतले बोलेको छ भने उनी ईश्वरजस्तो सर्वसहनशील, दुःख नलाग्ने, अजेय पनि होइनन् भन्ने भाव अर्को रहेको छ । अर्थात् उनी भावनासहितका, दुखेसो हुने, थाक्ने र थिचिने सामान्य मान्छे हुन् । कसैले लगातार दिइरहेको पीडा, बेवास्ता, अस्वीकृति, धोका वा अपमानले उनलाई पनि छुन्छ किनकी उनी मान्छे हुन्, उनको पुण्य मुटु छ जो न त ढुङ्गा को हो न त भगवान । सहनशीलता उनको गहना हो त्यसको अर्थ यो होइन कि उनलाई पिडावोध नै हुदैन । उनी न त 'ढुङ्गाको मुटु' भएका कठोर, भावशुन्य एवं असंवेदनशील हुन् र 'भगवान' जस्ता परम सहिष्णुता, धैर्यता र अजेयता भएका व्यक्ति हुन् । उनी त भावनामा बाँच्ने, पीडा महसुस गर्ने एक सामान्य 'मान्छे' हुन् । उनलाई पनि रुन मन लाग्छ, उनी पनि गल्छन्, थाक्छन्, भक्कानिन्छन् किनकी न त उनको मुटु ढुङ्गाको हो न त उनी भगवान, उनी त मान्छे हुन् ।

प्रेमको यति मार्मिक, कोमल अनि भावुक गीत लेख्ने गीतकार हुन् मुकुन्दराज शर्मा । उनका एक पक्षीय प्रेम भरिएका यी अत्यन्त सरल तर गहिरो भाव बोकेका गीति लहरलाई गायिका गीता पाण्डेले आफ्नो सुमधुर स्वर दिएकी छिन् भने यी शब्दहरूमा उस्तै मीठासयुक्त संगीत संयोजन गरेका छन् बरिष्ठ संगीतकार मणिकमल क्षेत्रीले । उक्त गीतमा पवन वाङ लामाको एरेन्ज रहेको छ । ए वान म्युजिशियन स्टुडियोमा राजेश श्रेष्ठले रेकर्ड गरेका उक्त गीतको मिक्सिङ मास्टरिङ किशोर रानाले गरेका छन् ।

पूजा ठकुरीले गीतको गहिरो भाव झल्कने गरि निर्देशन गरेकी 'मेरो पुण्य मुटु' को भिडियो सम्पादन भने विनोद बमले गरेका छन् । भिडियोमा गायिका गीता पाण्डे आफै फिचर्ड भएकी छिन् । उनको साथमा गीतकार मुकुन्दराज शर्मा र संचारकर्मी हरिराम पौडेललाई पनि झल्याकझुलुक देख्न पाइन्छ ।

'मेरो पुण्य मुटु' गीतको भिडियोमा सरिता मगरको श्रृङ्गार रहेको छ भने उमेश बहादुर शाह र अजय रेग्मीले छायाकंन गरेका छन् ।

भिडियोमा गायिकाले सामान्य रुपमा शब्दहरूलाई गाएकी छिन् तर सामान्य हुँदाहुदै पनि भिडियोमा कथा बुनिएको छ । गीतकार कलम र डायरी लिएर लेख्न बसिरहदा अनायास गीतकारका नजर भित्तामा टाँसिएको तस्वीरमा पुग्छ । भित्तामा उनका आदर्श व्यक्तित्व गीतकार हरिभक्त कटुवालको तस्वीर टाँसिएको हुन्छ । गीतकार आफ्ना आदर्श व्यक्तिलाई सम्झन्छन्, गर्वित हुँदै गीति हरफहरू सृजना हुन्छन् 'मेरो पुण्य मुटु' । समय अनवरत खोला जस्तै बगिरहन्छ तर केही यादहरू समयसँगै बग्दैनन् ।

त्यस्तै एउटा क्षण थियो, जब गीतकारले टेलिभिजनको रिमोटले टेलिभिजन अन गर्छन् त्यति बेला आफ्नो हृदयको स्पर्शले जन्माएको गीत 'मेरो पुण्य मुटु' आफ्नै टेलिभिजनको पर्दामा दृष्य सहित सुरिलो आवाजमा




बजिरहेको थियो । त्यस क्षण उनको 'मेरो पुण्य मुटु' बजिरहदा मुटुमा एउटा अनुपम आनन्द भरिएको थियो । गीतको जन्म त उनका शब्दबाट भएको थियो, तर प्राण गायिकाको स्वरले भरिएको थियो ।

त्यस दिन उनी एक गीतकार संग गीतकारहरूको कार्यक्रममा सहभागी भएर घर फर्कंदै थिए । साँझको त्यो मन्द बतासले संगीत जस्तै केही बगाइरहेको थियो । बाटोमा संयोगवश गायिकासँग जम्काभेट भयो । तीनै जना खुशी भए । गीतकारले मुस्काउँदै एउटा नोटबुक गायिकाको हातमा थमाए, 'यहाँ धेरै गीतहरू छन्, जुन दिन-रातको पीडाले जन्मिएको हो । जुन मन पर्छ, छनोट गरेर गाउनु होला' भनेर दुवै गीतकारले गायिकालाई 'थम्ब्स अप' दिए तर त्यो 'थम्ब्स अप' साधारण इशारा थिएन त्यो गायिकालाई एउटा दर्विलो शुभेच्छा थियो, राम्रो गाउनु पर्ने चुनौती थियो अनि एउटा जिम्मेवारीबोधको भाव थियो ।

धन्यवाद सहित उनीहरू आ-आफ्नो बाटो लागे । त्यति बेला त्यो भेटमा गायिकालाई 'जुन मन पर्छ छनोट गरेर गाउनु होला' भनेर दिएको गीत मध्ये गायिकाले ४० वर्ष अघिको त्यो कलात्मक युगको गीत 'मेरो पुण्य मुटु' छनौट गरिन् जुन केवल गीत थिएन, त्यो एक समयको कथा थियो, एक युगको अनुभूति थियो । गायिकाले पनि आफ्नो आदर्श गायिका स्वर किन्नरी तारादेविलाई सम्झिदै निकै सुरिलो स्वरमा उक्त गीत गाउँछिन्, गीतको भिडियो यसरी नै अन्त्य हुन्छ ।

इमेज एफ.एम. ९७.९ मा यस लेखका लेखक हरिराम पौडेलले संचालन गर्ने प्रस्तुति 'मेची देखि महाकाली सम्म' मार्फत गीतको अडियो सार्बजनिक गर्दै गीतकार मुकुन्दराज शर्माले आँफूले चालिस वर्ष भन्दा अगाडि लेखेको गीत 'मेरो पुण्य मुटु' ले अहिले फक्रने, फुल्ने र सुवासित हुने अवसर पाएकोमा खुसी व्यक्त गरेका छन् । उनले गायिका गीता पाण्डेले गीतको सम्वेदनशिलतालाई महशुष गरि आफ्ना शब्दहरूलाई बडो न्यायपूर्वक र मेहनतपूर्वक स्वर दिएकीमा खुसी व्यक्त गरेका छन् । साथै गीत सम्वद्ध सबैको लगशिलता र मेहनतले गीतको भिडियो उत्कृष्ट बनेको गीतकार मुकुन्दराज शर्माले बताएका छन् ।

गायिका गीता पाण्डेले गीत 'मेरो पुण्य मुटु' सार्वजनिक भएको खुसी साट्दै भनिन् '१२ वर्षको संगीत यात्रामा मुकुन्दराज शर्माका यी कोमल शब्दहरू र मणिकमल क्षेत्री जस्ता मुर्धन्य संगीतज्ञको संगीत रहेको गीत 'मेरो पुण्य मुटु' गाउन पाउनुलाई मैले मेरो सांगितिक यात्राकै एउटा विशिष्ट अवसरको रुपमा लिएकी छु । गीत सुनेर तथा हेरेर गीतको बारेमा आफ्नो अमुल्य सल्लाह, सुझाव दिन पनि मेरा दर्शक तथा श्रोताहरूलाई अनुरोध गर्दछु साथै यस गीतको श्रृजनामा जोडिने सम्पूर्ण टिमप्रति आभार व्यक्त गर्दछु ।'

'मेरो पुण्य मुटु' गीतको भिडियो गायिका गीता पाण्डेको अफिशियल युट्व च्यानलमा हेर्न सकिन्छ ।






# बेलायतमा ‘नेपाली ओपन कन्सर्ट’

मगर संघ यूकेको आयोजनामा बेलायतमा हजारौं दर्शकको सहभागितामा ‘१७ औं नेपाली ओपन कन्सर्ट’ सम्पन्न भएको छ। फानबोरोस्थित रग्बी फुटबल क्लबमा जून १४ तारिख २०२५ मा ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुतिसहित ओपन कन्सर्ट भव्य रुपमा सम्पन्न भएको मगर संघ यूकेले जनाएको छ।

कन्सर्टलाई प्रमुख अतिथि रहेका नेपाली राजदूतावास युकेका प्रथम सचिव उद्धव न्यौपाने, मगर संघ यूकेका अध्यक्ष लालबहादुर पुन (लालु) र कार्यक्रम संयोजक रुद्र थापामगरले उदघाटन गरेका थिए।

दूतावासका प्रथम सचिव न्यौपानेले मगर संघ यूकेले हरेक वर्ष नेपाली कलाकारलाई विदेशी भूमिमा मञ्च दिएको र नेपाली संगीतलाई विश्वमा फैलाउने काम गरेको भन्दै प्रशंसा गरे।

उनले आयोजक र कलाकारलगायत सबैलाई राजदूतावास र आफ्नो तर्फबाट धन्यवाद दिदै आगामी दिनमा यस प्रकारका कार्यक्रमले निरन्तरता पाउन सकोस् भन्दै शुभकामना व्यक्त गरे। यस्तै संघका अध्यक्ष लालु पुनमगरले कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने सबैप्रति कृतज्ञता प्रकट गरे।

कार्यक्रममा नेपालबाट आएका कलाकार खेम सेन्चुरी, अन्जु पन्त, प्रसाद खप्तरी मगर, विजय ठाडा मगरलगायतका कलाकारले आ-आफ्ना प्रस्तुति राखेका थिए। कार्यक्रममा बेलायतका विभिन्न शहर वेल्स, क्याट्रिक, मिडल्यान्ड, अल्डरसट, रिडिङलगायतका स्थानबाट सहभागी भएका थिए।

सन् २००२ मा स्थापना भएको मगर संघ यूकेले ‘म्यूजिक फर युनिटी’ श्लोगनसहित बेलायतमा नेपाली गीत, संगीत, कला, संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्ने उद्देश्यले सन् २००७ देखि हरेक वर्ष नेपाली ओपन कन्सर्ट आयोजना गर्दै आएको छ।





# शशी लुमुम्बूलाई 'हङकङ साहित्यिक साझा श्रृङ्खला पुरस्कार'

साहित्यकार शशी लुमुम्बू 'हङकङ साहित्यिक साझा श्रृङ्खला पुरस्कार'द्वारा पुरस्कृत एवम् सम्मानित भएका छन् । श्रृङ्खलाद्वारा काठमाडौंमा आयोजित समारोहमा उनलाई नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले नगद पचपन्न हजार पाँच सय पाँच रुपैयाँसहित दोसल्ला तथा सम्मानपत्र प्रदान गरेका हुन ।

सो समारोहमा बोल्दै प्रमुख अतिथि काइँलाले नेपाली कविता-काव्य विधामा शशी लुमुम्बूले सशक्त कविता सृजना गरी उल्लेखनीय योगदान दिएको चर्चा गरे । उनले नेपाली साहित्यको श्रीबृद्धिमा डायस्पोरामा रहेका साहित्यकारहरूले सिर्जनका माध्यमबाट विशिष्ट योगदान दिएको बताए ।

कवि श्रवण मुकारुङले नेपाली साहित्यमा कवि शशी लुमुम्बूको उल्लेखनीय योगदान रहेको बताए ।

समारोहका सभाध्यक्ष वरिष्ठ साहित्यकार दाजु गुरुङले नेपाली साहित्यको उन्नयनमा हङकङेली नेपाली डायास्पोरिक लेखक-साहित्यकारहरूले विशिष्ट योगदान गरिरहेको तर राज्यले भने उक्त योगदानलाई अनदेखा गरिरहेको बताए । डायास्पोरामा सृजनारत स्रष्टाहरूको योगदानलाई राज्यले उचित कदर गर्नुपर्ने उनको भनाई थियो ।

श्रृङ्खलाका निवर्तमान संयोजक रमण गुरुङ र सल्लाहकार डिबी पालुङ्वाले हङकङमा नेपाली साहित्यको अवस्था र नेपाली साहित्यको प्रवर्द्धनका निमित्त हङकङ साहित्यिक साझा श्रृङ्खलाले गरिरहेको कार्यहरूका बारेमा प्रकाश पारेका थिए । कार्यक्रमको सहजीकरण यासेली योङहाङले गरेका थिए ।

जे देखियो

# सिण्डिकेटको त्रास हल्ला कि सत्य !

पछिल्लो केही वर्षयता मलेसिया रोजगारीमा पठाउन सीमित मेनपावर कम्पनीलाई मात्र अनुमति दिने गरी सिण्डिकेट लगाउन लागिएको विषयले वैदेशिक रोजगार व्यवसायको क्षेत्र तरंगित बनाएको छ । हुनपनि पछिल्लो समय यस व्यवसायको क्षेत्रका हरेक प्रक्रियामा प्रत्यक्ष-अप्रत्यक्ष सिण्डिकेटको प्रयास भैरहेको छ । जसका कारण पनि मलेसिया रोजगारीको विषयमा चलेको यो हल्लाले व्यवसायीहरू त्रसिद हुनु स्वभाविक हो ।

त्यसो त वैदेशिक रोजगारीमा कामदार पठाउन इजाजत लिएका मध्ये ८० प्रतिशत भन्दा बढी मेनपावरले त मलेसियामा मात्र कामदार पठाउदै आएका छन । यस्तो अवस्थामा सीमित मेनपावरले मात्र मलेसिया पठाउन पाउने व्यवस्था लागू भए अधिकांश मेनपावर कम्पनी बन्द हुने खतरा छ ।



पर्वत विश्वकर्मा

नेपालीहरूको वैदेशिक रोजगारीका लागि सबैभन्दा ठुलो गन्तव्य मुलुक मलेसियाको पछिल्लो समय प्रभावित छ । मलेसिया सरकारले सन २०२४ मे ३१ देखि अर्को व्यवस्था नभइन्जेल सम्मका लागि भन्दै नेपालसहितका स्रोत मुलुकबाट कामदार नलैजाने निर्णय गरेपछि त्यसको ठुलो मारमा नेपाल पर्‍यो । मलेसिया मात्र कामदार पठाउदै आएका मेनपावर कम्पनीहरू रोजगारी खुल्ने आशामा कुरेर बस्न बाध्य भए ।

तथापी पछिल्लो समय मलेसियाले सीमित क्षेत्रका लागि आप्रवासी कामदारको भर्ना खुला गरेपछि लामो समयदेखि व्यवसाय ठप्प भएर कुरिरहेका व्यवसायीहरूमा खुसीको संचार हुन थालेको थियो । बिस्तारै अन्य क्षेत्र पनि खुल्ने र कामदार पठाउन पाउने आशामा प्रतिक्षारत व्यवसायीहरू सिण्डिकेटको हल्लाले पुनः थलिएका छन ।

मेनपावर व्यवसायी सम्वद्ध विभिन्न संघ-संस्था तथा छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीमा सिण्डिकेट मान्य नहुने भन्दै विज्ञप्ती निकालिरहेका छन भने सरकारका सरोकारित निकाय तथा मन्त्रालयमा पुगेर ध्यानाकर्षण पनि गराइरहेका छन । उता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरदसिंह भण्डारीले पनि यस विषयमा ध्यानाकर्षण भएको र मन्त्रालय सिण्डिकेटको विरुद्धमा रहेको आश्वासन दिदै आएका छन ।

मलेसिया रोजगारीमा सिण्डिकेटको चर्चा चलिरहदा कसले र किन ? यो प्रयत्न गरिरहेको छ या यो हल्ला मात्र हो कतै पुष्टि हुनभने सकेको छैन । तथापी वैदेशिक रोजगारीमा कामदार आपूर्ती गर्ने लाइसेन्स दिएपछि सिण्डिकेट हुन नदिनु सरकारको कर्तव्य हो । साथै अहिले चलिरहेको हल्लाका विषयमा पनि सरकारले कुटनैतिक पहलबाट सत्यतथ्य बुझेर सिण्डिकेटको प्रयास भएको हो भने त्यसमा संलग्नलाई कारवाही गर्नसक्नुपर्छ, यही यो हल्ला मात्र चलाइएको हो भने आम व्यवसायीलाई भ्रममुक्त बनाउन सक्नुपर्छ ।

नेपााली श्रमिकलाई उच्च प्राथमिकता दिदै आएको मलेसियामा सुरक्षा गार्ड, पर्यटन क्षेत्र, फर्निचर, सरसफाइ र साना औद्योगिक उत्पादन लगायतका क्षेत्रमा नेपाली श्रमिकले काम गर्दै आएका छन् । अर्कोतिर शुन्य लागतको व्यवस्था लागू भएयता जिरो कस्टमा सबैभन्दा बढी नेपाली मलेसिया रोजगारीमा नै गएका छन् ।

# विपद्‌को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्‌को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**‘विपद्‌को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं’**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**




**GCD**

## GROUP OF COMPANIES

**PROVIDING SOLUTIONS**

CALL US FOR DETAILS
+977 14112217
+971 45916169

MAIL US FOR DETAILS
job@gcdworldwide.com

# तेह्रौं वर्षको यात्रामा हाम्रो अवस्था

**३४** जलविद्युत आयोजना

**२** सौर्य ऊर्जा आयोजना

**१** अन्तरदेशिय प्रशारण लाईन

**३** ऊर्जा सम्बन्धि कम्पनी

**५२** अर्बको स्वीकृत लगानी

**५२** अर्बको स्वीकृत लगानी

**२६** अर्बको पुँजीकोष

**३९६३** मेगावाट विद्युत् उत्पादन योजना

## "तपाईंको आयोजना, हाम्रो लगानी"

**हाईड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.**

**नयाँ बानेश्वर, काठमाण्डौं**




IME®
International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

GET IT ON Google Play
Download on the App Store

SCAN & DOWNLOAD




पुऱ्याउँछौं खुशी

a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोनः ००९७७-१-४२५०३५४

QR SCAN
FOR MORE
DETAILS.

Follow us on:
himalremit
@himalremit
@himalremit